# अध्याय एक
# परिचय

## १.१ पृष्ठभूमि

शिक्षा मानिसको लागि आधारभूत आवश्यकता हो । मानव सम्भताको विकास सँग-सँगै शैक्षिक विकासको क्रम पनि अगाडि बढिरहेको पाइन्छ । शिक्षालाई विकासशिल बनाउँदै जाने क्रममा विगतका दिनहरूमा धेरै प्रयासहरू गरिएका छन् । जव मानिसहरूमा शिक्षा लिनुपर्छ भन्ने धारणा विकास हुँदै गयो तब औपचारिक रूपमा शिक्षा प्रदान गर्नको लागि विद्यालय र महाविद्यालय बनाउने क्रम चल्यो । हाल ग्रामिण तथा शहरि क्षेत्रमा सरकारी तथा नीजि तवरबाट प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक तथा उच्च तहसम्मका विद्यालयहरूको संख्या दिनानुदिन बढ्दै गइरहेको छ तर पनि अभिभावकहरूको आर्थिक विपन्नता, शैक्षिक सांस्कृतिक सम्पदाको अभाव, भौगोलिक विकटता, सामाजिक रुढिवादिता, छुवाछुत गर्ने मानसिकता, विद्यालयको कमजोर शैक्षिक गतिविधि, जीवन सापेक्ष नभएका पाठ्यसामग्रीहरू, अप्रयोगात्मक शिक्षण विधि आदि कारणले गर्दा कतिपय समुदायका बालबालिकाहरूले विद्यालयमा प्रवेश पाएका छैनन भने कतिपय प्रवेश पाएकाले पनि पढाइलाई निरन्तरता दिएका छैनन् (शर्मा, २०५९, पृ. ७३०) । त्यसैले उल्लेखित परिस्थितिमा रहेका विशेष समुहलाई शिक्षामा पहुँच पुऱ्याउन राष्ट्रले निकै ठूलो चुनौतिको सामना गर्नु पर्ने हुन्छ । विशेषगरी केटाकेटीलाई कसरी विद्यालयमा थामि राख्ने ? विद्यालय छोडनेहरूको शिक्षालाई कसरी निरन्तरता दिने ? भन्ने खालका चुनौतिहरूको सामना गर्न विभिन्न प्रयासहरू गरिरहेको पाइन्छ । उदाहरणको लागि महिला छात्रवृत्ति, दलित तथा जेहेन्दारको लागि छात्रवृत्ति, निःशुल्क शिक्षा, शिक्षाका लागि खाद्य कार्यक्रम, समाहित शिक्षा कार्यक्रम, माध्यमिक शिक्षा सहयोग कार्यक्रम आदिलाई लिन सकिन्छ ।

नेपालको नवौं पञ्चवर्षीय योजनामा शिक्षासम्बन्धी दिर्घकालीन अवधारणामा शिक्षाबाट वञ्चित पिछडिएका वर्ग, जनजाति, दुर्गम स्थानमा वसोवास गर्ने, विपन्न एवं सामाजिक मूल धारबाट अलग रहेका विभिन्न समुदायमा समेत आधारभूत शिक्षा पुऱ्याइने छ र राष्ट्रिय मूल प्रवाहमा सबैलाई समेटिने छ भनी उल्लेख गरिएको पाइन्छ । उक्त योजनाले शिक्षामा महिला सहभागिता वृद्धि गर्ने, शिक्षामा गुणस्तर कायम गर्ने, पाठ्यक्रमको आन्तरिक र वाह्य परिस्थितिअनुसार सुधार गर्ने शैक्षिक बेरोजगारी हुन नदिन सान्दर्भिक र आवश्यकता केन्द्रीत शिक्षा प्रदान गर्ने जस्ता कुराहरू पनि उल्लेख गरिएको थियो । यसैगरी दशौं योजनामा प्राथमिक शिक्षा सर्वसुलभ बनाउने, लक्षित समुदाय (महिला, पिछडिएका जनजाति, दलित) लाई केन्द्रीत गर्दै साक्षरता र अनौपचारिक शिक्षा जस्ता कार्यक्रम संचालन गर्ने, सबैमा शिक्षाको पहुँच पुऱ्याउन विकेन्द्रीकरण रणनीति अवलम्वन गर्ने जस्ता कुराहरू उल्लेख गरेको थियो ।

नेपालले सन् १९९० मा थाइल्याण्डको जोम्टीनमा भएको 'सबैका लागि शिक्षा' विषयक विश्व सम्मेलन र न्यूयोर्कमा भएको बालबालिकाको निम्ति विश्व शिखर सम्मेलनको घोषणप्रति प्रतिवद्धता जनाइ हस्ताक्षर गरेको छ । त्यसैअनुसार सन् १९९० को दशकमा तय गरेको राष्ट्रीय कार्ययोजनामा सन् २००० सम्ममा भर्नादर ३१ प्रतिशतबाट शत प्रतिशत पुर्‍याउने, प्राथमिक तह पुरा गर्ने २७ प्रतिशतबाट ७० प्रतिशत पुर्‍याउने लक्ष्य राखेको थियो (अधिकारी, सन् २०११, पृ. ६२) । यसैगरी 'सबैका लागि शिक्षा' अभियानको उपलब्धिको पुनरावलोकन गर्नको लागि सन् २००० को अप्रिलमा सिनेगलको डकारमा बसेको विश्व शिक्षा मञ्चको बैठकले 'सबैका लागि शिक्षा हाम्रो सामुहिक प्रतिवद्धता' लक्ष्य प्राप्त गर्नु पर्ने कुरालाई अंगिकार गर्दै सबैका लागि शिक्षाको निम्ति सन् २०१५ सम्मको लागि ६ वटा लक्ष्य निर्धारण गरेको थियो भने नेपालले देशको भाषिक तथा जातिय यथार्थतालाई ध्यानमा राख्दै आफ्नो देशको लागि अनुकुल हुने खालको सातौं उद्देश्य समेत निर्धारण गरेको थियो, जुन यसप्रकार छ - 'देशभित्रका जातिय र भाषिक अल्पसंख्यक जनताले आ-आफ्नो मातृभाषाको माध्यमबाट आधारभूत र प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गर्ने, (उही, पृ. ६२५) । नेपालको अन्तरिम संविधानको धारा ३५ को उपधारा १ मा देशको सन्तुलित विकासको लागि आर्थिक लगानीको न्योचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास, रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्ले अवलम्वन गर्ने छ भनी उल्लेख गरिएको छ ।

यस प्रकार शैक्षिक क्षेत्रमा विकास भएका आधुनिक प्रवृत्तिहरू - आधारभूत आवश्यकता, सबैका लागि शिक्षा, मानवअधिकार, बालअधिकार, शान्तिका लागि शिक्षा, खुल्ला सिकाइ, पिछाडिएका समूहका लागि शिक्षा, आर्थिक लगानीको रूपमा शिक्षा, राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय साझेदारीको रूपमा शिक्षा जस्ता धारणाको विकास भएबाट पनि शिक्षालाई सबैको पहुँचमा पुर्‍याउनु पर्छ भन्ने मान्यताको विकास भएको कुरा प्रष्ट हुन्छ । जे होस् शिक्षामा सबैलाई सहभागि बनाउन राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तवरबाट औपचारिक वा अनौपचारिक तरीकाबाट विभिन्न प्रयास गरिए तापनि नेपालमा रहेका दलित, गरीव, आदिवासी र सिमान्तकृत वर्गका समस्याहरूमा खासै परिवर्तन ल्याउन सकिरहेको अवस्था छैन् । अधिकांश दलित बालबालिकाहरू शिक्षाको सुनौलो अवसरबाट वञ्चित छन् ।

नेपालका विभिन्न दलित जातिहरूमध्ये 'परियार' एउटा प्रमुख जाति हो । 'दलित भन्नाले आर्थिक, सामाजिक, सांस्कृति शैक्षिक आदि सम्पूर्ण क्षेत्रमा पिछडिएको र समाजमा छुवाछुतको समेत भेदभाव गरिएको जातिलाई बुझाउँदछ, दलितको शाब्दिक अर्थ थिचिएको, कुल्चिएको, ढालिएको वा नष्ट गरिएको भन्ने हुन्छ, (राई, २०६३, पृ. १) । राष्ट्रिय दलितको स्थापना गर्न  बनेको विधेक २०५९ मा दलित समुदाय भन्नाले जातिय भेदभाव र छुवाछुतको मारमा परी सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक एवं आर्थिक क्षेत्रमा समाजको सबैभन्दा

पछाडि पारिएको र मानविय सम्मान एवं सामाजिक न्याय पाउन नसकेको जात वा समुदायलाई जनाउँछ । 'दलित वर्ग वा समुदायकमो अर्थ समाजमा हक, इज्जत र प्रतिष्ठा समान रूपले पाउन नसकेको जनसमुह हो' (उही, पृ. २) । वि.सं. २०२४ सालमा गठित राष्ट्रिय दलित जनविकास परिषदले अछुत जातिलाई दलित शब्दको प्रयोग गरेको पाइन्छ । यी विभिन्न परिभाषालाई विश्लेषण गर्दा विभिन्न कारणले गर्दा विभिन्न अवसरबाट वञ्चित भएको वा अवसर प्राप्त गर्न नसकेको मानव वर्ग नै दलित हो ।

भेदभावविरुद्ध राष्ट्रिय मञ्च (२०६५) द्वारा प्रकाशित 'संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको नमुना संविधान २०६५' को अनुसुचि ४ मा निम्न अनुसारका २३ जातिलाई दलितको सूचिमा राखेको छ ।

**तालिका १ : नेपालका दलित जातीहरू**

| क्र.सं. | जाति | क्र.सं | जाति |
|---|---|---|---|
| १ | विश्वकर्मा (कामी, लोहार, सुनार, टमाटा, चुनरा, पार्की) | १३ | डोम (मरिक, धनिकार) |
| २ | मिजार (सार्की, चर्मकार, भूल) | १४ | तन्मा (ताँती, दास) |
| ३ | परियार (दमाई, दर्जी, नगर्ची, ढोली) | १५ | पासवान (दुसाध, हजारा) |
| ४ | गन्दर्भ (गाइने) | १६ | धोवी (रजक) |
| ५ | वादी | १७ | पत्थरकट्टा |
| ६ | कुलर | १८ | पासी |
| ७ | कतकैहिया | १९ | बाँतर |
| ८ | कोरी (कोइरी) | २० | सहसर (सदा, ऋषिदेव) |
| ९ | खटिक | २१ | मेत्तर |
| १० | खत्वे (मकल, खँग) | २२ | हलखोर |
| ११ | चमार (राम, हरिजन, मोची) | २३ | सर्भङ्ग (सत्वरिया) |
| १२ | चिडिमार | | |

यसरी उल्लेखित जातिहरूमा खोज अनुसन्धानको खाँचो छ । उत्पत्तिको हिसावले मंगोल, किराँत, आर्य र द्रविड गरी चार जातमा विभाजन गरिएको पाइन्छ, (न्यौपाने, २०५५, पृ. ९६) । यसै गरी जातिलाई वाह्मण, क्षेत्री, वैश्य र शुद्र गरी विभाजन गरिएको पाइन्छ । पृथ्वीनारायण शाहले पनि नेपाललाई चार जात छत्तिस वर्णको साझा फुलवारी भनेको थिए । वैदिककालमा छुवाछुत र जातिय प्रथाको वारेमा कतै उल्लेख गरिएको छैन, जयस्थिति मल्लले कामको आधारमा गरेको वर्गिकरण नै जातजातिमा परिणत हुन गयो । त्यस पछि समाजमा टाठा वर्गले कमजोर वर्गलाई दवाउने, हेप्ने, अनावश्यक काममा लाद्ने र आफूले विभिन्न

वाहनामा फाइदा लिने प्रवृतिको विकास भयो जसले गर्दा कमजोर वर्ग झन्-झन् पछाडि पछाडि पर्दै गयो ।

नेपालमा पछाडि परेका विभिन्न दलित जातिहरूमध्ये वस्त्र सिलाउनुलाई आफ्नो प्रमुख पेशाको रूपमा अँगालेको एक जाति परियार हो । परियार 'आर्य' परिवारभित्र पर्ने एक जाति हो । परियार जातिलाई दमाई, दर्जी, नगर्ची र ढोली पनि भन्ने गरिन्छ । परम्परागत रूपमा विष्टहरूको घर-घरमा गइ उनीहरूका वस्त्र सिलाउने र जीवीकोपार्जन गर्ने गरेको पाइन्छ । उनीहरू विष्टहरूले अन्न भित्राउने वेला घर-घर गइ बाली उठाएर अन्न जम्मा गर्छन र त्यसै अन्नबाट आफ्ना जहान केटाकेटी पाल्छन् । परियार जातिले वस्त्र सिलाउनु को साथै विवाह, वर्तवन्ध, पूजापाठ आदि धार्मिक महत्त्वका कार्य गर्दा मिठो धुनका पञ्चे वाजा बजाइ नाच्ने र रमाइलो गर्ने गर्छन, उक्त कार्यमा उनीहरूले केही आर्थिक आम्दानी गर्छन । देशका विभिन्न भागमा रहेका परियार जातिमा कृषि, व्यापार, राजनीति, कर्मचारी जस्ता क्षेत्रमा संलग्नता प्रायः नगन्य नै छ । शैक्षिक अवस्थाबारे उल्लेख गर्नुपर्दा पनि निकै कम सहभागिता देखिन्छ । अर्घाखाँची जील्लामा पनि परियार जातिको शैक्षिक क्षेत्रमा निकै कम सहभागिता देखिन्छ । हंसपुर गा.वि.स. को परियार वस्तिमा पनि निकै कम अभिभावक सामान्य साक्षर मात्र छन् र ती साक्षर अभिभावकले पनि बालबालिकाहरूलाई विद्यालयमा पठाउँदैनन् । घरबाट करिव १५-२० मिनेटको दुरीमा २ वटा निम्न माध्यमिक विद्यालय र करिव आधा घण्टाको दुरीमा एउटा उच्च मा.वि. रहेपनि विद्यालयहरूमा परियार जातिका बालबालिकाको सहभागिता निकै कम देखिन्छ । माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थी एक-दुई जना मात्र देखिन्छन् । छात्राहरू त प्रायः विद्यालय नै जादैनन् । त्यसैले परियार जातिको संख्यात्मक शैक्षिक अवस्था, विद्यालय नजानुका कारणहरू र विद्यालय जान वाधा पुऱ्याउने तत्त्वहरू हटाउने उपायको खोज गर्ने उद्देश्यले यो विषय अनुसन्धानको लागि छनोट गरिएको थियो ।

## १.२ समस्याको कथन

नेपाली समाजमा युगौंदेखि जरा गाडेर रहेको जातिय विभेद छुवाछुत प्रथा आदि समाजमा सवाङ्गिण विकासको लागि वाधक भइरहेको छ । वि.सं. २०५८ सालको जनगणना अनुसार कुल जनसंख्याको १३.३ प्रतिशत दलितहरू रहेका छन तर विभिन्न अध्ययन अनुसन्धानले देखाए अनुसार दलितहरूको शैक्षिक अवस्था निकै कहालीलाग्दो छ । दलित वर्गका धेरै बालबालिका शिक्षाको सुनौलो अवसरबाट वञ्चित छन् । सेरिड, (१९९७) ले गरेको एक अध्ययन अनुसार परियार, कामी र सार्कीको साक्षरता प्रतिशत २२.२ देखि २८.४ रहेको छ । खोटाङ, जील्लाको जालपा गा.वि.स. मा गरेको एक अध्ययन अनुसार उक्त गा.वि.स.को अन्तर दलित जातिय शैक्षिक स्थितिलाई हेर्दा परियार, सार्की र कामीको साक्षरता प्रतिशत क्रमशः ७१.७३, ७५ र ७६.७४ छ (राई, २०६३, पृ. ३०) । यस अध्ययनमा परियार जातिको साक्षरता प्रतिशत सबैभन्दा कम देखिन्छ । अर्घाखाँची जिल्लाको नरपानी गा.वि.स. मा गरिएको एक

अध्ययनमा सार्की, दमाई र कामीको साक्षरता प्रतिशत क्रमश : २७.७४, २८.०२ र २६.६३ छ (नेपाली, २०६१, पृ. ३०) । यस अध्ययनमा सार्कीको साक्षरता प्रतिशत सबैभन्दा कम र परियारको बढी देखिन्छ ।

वास्तवमा दलित जातिमा पनि कुन जातिको शैक्षिक अवस्था सबैभन्दा कमजोर छ अथवा भौगोलिक विविधताका आधारमा भिन्ना भिन्दै छ ? भन्ने वारेमा खोज गर्नु आजको आवश्यकता हो । यस्तो खोजले शैक्षिक क्षेत्रमा देखिएका समस्या समाधान गर्नको लागि मार्गनिर्देशन गर्छ, त्यसैले प्रस्तुत अध्ययनमा अर्घाखाँची जिल्लाको हंसपुर गा.वि.स.मा रहेका परियार जातिभित्र सिमित रहेर निम्नअनुसारका प्रश्नहरूलाई समस्याको रूपमा लिई अधययन गरिएको थियो ।

- परियार समुदायका अभिभावकहरूको शैक्षिक अवस्था के कस्तो छ ?
- तहगत रूपमा शिक्षा हासिल गर्ने संख्या कति छ ?
- महिला र पुरुषमा को बढी साक्षर छन् ?
- परियार समुदायमा विद्यालय उमेरका के कती बालबालिका विद्यालय गएका छन् ?
- के कति बालबालिका विद्यालय गएका छैनन् ?
- बालबालिका विद्यालय नजानुका कारण के के छन् ?
- विद्यालय जाने बालबालिकालाई के ले प्रभावित गरेको छ ?
- परियार समुदायको शैक्षिक अवस्थामा सुधार ल्याउन कस्ता-कस्ता प्रयासहरू भएका छन् वा छैनन् ?
- विद्यालयमा भर्ना भएका बालबालिका नियमित रूपमा विद्यालय जान्छन की जाँदैनन् ? जाँदैनन् भने किन जाँदैनन् ?
- परियार जातिका बालबालिकालाई शिक्षामा पहुँच बढाउँन के कस्ता उपायहरू अपनाउन सकिन्छ ?

### १.३ अध्ययनको औचित्य

समाज विकासको प्रमुख आधार शिक्षा हो । शिक्षाको समग्र विकासको लागि कुनै पनि गाउँ वा समाजमा रहेका सम्पूर्ण जातजाति, भाषाभाषि, धर्म संस्कृति भएका व्यक्तिहरूको शैक्षिक क्षेत्रमा संख्यात्मक एवं गुणात्मक वृद्धि हुनु आवश्यक छ । तर नेपालमा विद्यालय जाने उमेर पुगेका विभिन्न दलित तथा पिछडिएका जातिका बालबालिकाहरू विभिन्न कारणले गर्दा विद्यालयमा भर्ना नहुने र भर्ना भइहाले पनि बीचैमा विद्यालय छाड्ने गरेको पाइन्छ । त्यसैले शैक्षिक क्षेत्रमा देखिएका विभिन्न समस्या पत्ता लगाइ त्यस्ता समस्याको समाधान गर्न सकेमा मात्र शिक्षाको समग्र विकास भई समाज र राष्ट्र नै विकसित हुन्छ ।

यो अध्ययनले अर्घाखाँची जिल्लाको उत्तर पश्चिम सिमानामा पर्ने हंसपुर गा.वि.स. वाड नं. २ मा रहेको परियार वस्तीको साथै उक्त गा.वि.स. भित्रका अन्य वाडमा छिटपुट

रूपमा रहेका सम्पूर्ण परियार जातिको शैक्षिक अवस्थाको बारेमा अध्ययन गर्ने जमर्को गरेको थियो । त्यसैले यो अध्ययन पश्चात् प्राप्त हुने नतिजाले निम्न कुरामा फाइदा पुऱ्याउने देखिन्छ :

- अध्ययन क्षेत्रभित्र रहेका परियार समुदायको शैक्षिक अवस्थको बारेमा जानकारी प्राप्त हुन्छ ।
- परियार जातिका शैक्षिक समस्याका जानकारी प्राप्त हुन्छ ।
- परियार जातिको शिक्षामा पहुँच बढाउनको लागि आवश्यक नीति तथा योजना निर्माण गर्न गा.वि.स. लाई मार्गदर्शन गर्छ ।
- उक्त समुदाय प्रति चासो राख्ने विभिन्न व्यक्ति तथा संस्थालाई जानकारी प्राप्त हुन्छ ।
- दलित एवं पिछडिएको अन्य जातिको उत्थान र विकासमा प्रतिवद्ध संस्थाहरूलाई कार्यक्रम संचालन गर्न मद्दत पुग्छ ।
- परियार समुदायका बढी भन्दा बढी बालबालिकाहरूलाई विद्यालयमा सहभागि गराउन समाज तथा शिक्षकहरूले खेल्नुपर्ने भूमिकाको लागि सहयोग पुग्छ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि कार्यलाई व्यवस्थित रूपले सम्पन्न गर्नको लागि उद्देश्यको निर्धारण गरिन्छ । त्यसैले प्रस्तुत अध्ययन कार्यलाई पनि व्यवस्थित र सहज रूपमा सम्पन्न गर्नको लागि निम्न उद्देश्यहरू तय गरिएको थियो ।

- हंसपुर गा.वि.स.का सम्पूर्ण परियार जातिको तहगत संख्यात्मक शैक्षिक अवस्था पत्ता लगाउनु ।
- विद्यालय उमेरका विद्यालय जाने र विद्यालय नजाने छात्र छात्राको संख्यात्मक अवस्था पत्ता लगाउनु ।
- विद्यालय जाने उमेरका बालबालिकाहरू विद्यालय जानु र नजानुका कारणहरू पत्ता लगाउनु ।
- विद्यालय जान वाधा पुऱ्याउने तत्त्वहरू हटाउने उपाय खोजी गर्नु ।

## १.५ अध्ययनको सिमाङ्कन

कुनै पनि अध्ययन एउटा निश्चत उद्देश्य लिएर गरिएको हुन्छ । ती उद्देश्यहरू पुरा गर्नको लागि निश्चित दायरा कायम गरिनुपर्छ । अध्ययनको शिलशिलामा गरिने अध्ययनको दायरा नै अध्ययनको सिमाङ्कन हो । उद्देश्य अनुसार निश्चित सिमामा रहेर गरिएको अध्ययनले मात्र सफलता प्राप्त गर्न सक्छ, त्यसैले यो अध्ययन निम्न सीमामा रहेर सञ्चालन गरिएको थियो ।

- यो अध्ययन अर्घाखाँची जिल्लाअन्तर्गत हंसपुर गा.वि.स.भित्रका परियार जातिमा मात्र सिमित रहको छ ।
- शैक्षिक अवस्थामा वाधा पुऱ्याउने तत्त्वहरूको खोजी, तथा तत्त्वहरूलाई हटाउने उपायको खोजीको लागि परियार समुदायको नजिक रहेका केही अन्य अगुवा व्यक्तिलाई अध्ययनमा सहभागि गराइएको थियो ।

## १.६ मुख्य शब्दावलिको परिभाषा

यस अनुसन्धान प्रतिवेदन प्रस्तावनामा प्रयोग गरिएका मुख्य शब्दावलीलाई निम्नअनुसार परिभाषित गरिएको छ।

| | | |
|---|---|---|
| पहुँच | - | सामान्यतया पहुँच भनेको कुनै व्यक्ति वस्तु कही कतै पुग्ने काम हो । यस अनुसन्धान प्रतिवेदनमा पहुँच भन्नाले परियार जातिको शैक्षिक अवस्था हो । अर्थात् परियार जातिको शिक्षा क्षेत्रमा भएको सहभागिताको अवस्था हो । |
| पञ्चेबाजा | - | पाँच प्रकारका बाजाको समुह (करनाल, नरसिङ्गा, सनाही, टयाम्को र दमाहा) |
| परम्परागत पेशा | - | पुर्ख्यौली पेशा (विष्टहरूको घर घरमा गई कपडा सिलाउने पेशा)<br>(यस अनुसन्धान प्रतिवेदनमा परम्परागत पेशा भन्नाले परियार जातिले विष्टहरूको घर घरमा गइ कपडा सिलाउने पेशा भन्ने बुझिन्छ ।) |
| विष्ट | - | वृहत नेपाली शब्दकोष अनुसार परियार, कामी आदिले काम गरिदिए वापत बाली दिने वर्ग (वाहुन, क्षेत्री)<br>यस अनुसन्धान प्रतिवेदनमा परियार जातिले आफूले कपडा सिलाउने घरका मानिसलाई वोलाउने प्रयोग गर्ने शब्दलाई विष्ट भनिएको हो । |
| बाली | - | यस अनुसन्धान प्रतिवेदनमा कपडा सिलाइदिए वापत परियार जातिलाई वर्षभरिको लागि दिइने अन्नको भाग हो । |
| सचेतीकरण | - | आर्थिक, सामाजिक, राजनैतिक आदि कारणले दविएकालाई विभिन्न परिस्थितिको बारेमा बुझ्न सक्ने बनाउनु |
| एकल परिवार | - | यस अनुसन्धान प्रतिवेदनमा एकल परिवार भन्नाले आमा-बाबु र उनीहरुका छोरा-छोरी मात्र भएको परिवारलाई सम्झनु पर्छ । |
| संयुक्त परिवार | - | आमा-बाबु र छोरा-छोरी बाहेक हजुरवा, हजुरआमा समेतका सदस्य रहेको परिवार संयुक्त परिवार हो । |
| वृहत परिवार | - | यस अनुसन्धान प्रतिवेदनमा दुई वा दुईभन्दा बढी सदस्यका श्रीमति छोरा-छोरी आदि रहेको ठूलो परिवारलाई वृहत परिवार भनिएको छ । |
| सहजै देखिने भर्नादर | - | कुनै तह अथवा कक्षामा भर्ना भएका बालबालिकाको संख्यालाई तह वा कक्षाको उमेरसमूहको जम्मा जनसंख्याले भाग गरी आएको संख्यालाई १०० ले गुणा गर्दा आउने अंकलाई सहजै देखिने भर्नादर भनिन्छ । |

जस्तै :

$$\text{प्रा.वि. को सहजै देखिने भर्नादर} = \frac{\text{प्रा.वि. तहमा भर्ना भएका बालबालिकाहरुको संख्या}}{\text{५-९ वर्ष सम्मका जम्मा बालबालिकाको संख्या}} \times १००$$

| | | |
|---|---|---|
| खुद भर्नादर | - | कनै तह अथवा कक्षाको उमेर समूह अनुसार विद्यालयमा भर्ना भएका बालबालिकाको संख्यालाई उमेर समूह अनुसारको जम्मा जनसंख्याले भाग गरी आएको संख्यालाई १०० ले गुणन गर्दा आउने संख्यालाई खुद भर्नादर भनिन्छ । |

जस्तै :

$$\text{प्रा.वि. को खुद भर्नादर} = \frac{\text{५-९ वर्ष भित्र प्रा.वि. तहमा भर्ना भएका बालबालिकाको संख्या}}{\text{५-९ वर्ष सम्मका जम्मा जनसंख्या}} \times १००$$

## १.७ **संक्षिप्त रूपहरू**

| | | |
|---|---|---|
| गा.वि.स. | - | गाउँ विकास समिति |
| जि.वि.स. | - | जिल्ला विकास समिति |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| नि.मा.वि. | - | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| जि.शि.का | - | जिल्ला शिक्षा कार्यालय |

# अध्याय दुई

## २.१ सैद्धान्तिक साहित्यको समिक्षा

Karl Marx (1818-1883) ले “आर्थिक निर्धारकको नियमअनुसार व्यक्तिको विचार चिन्तन र कार्य सामाजिक निर्धारक होइन तर आर्थिक संरचनाले व्यक्तिका विचार र क्रियाकलापलाई प्रभावित गर्दछ । यसैबाट सामाजिक व्यवस्थाको निर्माण र सामाजिक व्यवस्थामा परिवर्तन आउँछ” (आचार्य, २०६६, पृ. १४३) । मार्क्सको यस सिद्धान्त अनुसार व्यक्तिका हरेक क्रियाकलापलाई अर्थले प्रभाव पार्छ । आर्थिक असमानताका कारण समाजमा २ वर्ग निर्माण हुन्छ । आर्थिक संरचनामा परिवर्तन हुने वित्तिकै विचार र चिन्तनमा परिवर्तन हुन्छ ।

'Anthony Giddens' को प्रसिद्ध पुस्तक 'The Constitution of Society' (1984) मा उल्लेखित Structureation theory (संरचीकरण सिद्धान्त) अनुसार व्यक्तिका क्रियाकलापहरू उसको विगतको निरन्तरताबाट लिएका हुन्छन् र वर्तमानका क्रियाकलापहरू ऊ रहेको संरचनाबाट निर्माण हुन्छन् भनी उल्लेख गरिएको छ (आचार्य, २०६६, पे. ३४१) । Giddens ले सामाजिक असमानता कार्य, अधिकार र सांस्कृतिक तत्त्वले ल्याउने कुरा बताउँछन् । उनको सिद्धान्तअनुसार व्यक्तिका क्रियाकलापहरू सामाजिक मूल्यमान्यता प्रचलन र प्रणालीमा निर्भर रहन्छन् ।

Talcott Parsons को 'Equilibrium Theory' का अनुसार समाज व्यवस्था र समाजको स्थायित्व र सहयोगको लागि साझा मूल्य आवश्यक हुन्छ, साझा मूल्य भनेको समाजमा भएका व्यक्तिहरूको सम्झौता हो, यही सम्झौताको कारण विभेदीकरणको सृजना हुन्छ । समाजले व्यक्ति विशेषको क्षमता, योग्यता र चाहनालाई महत्त्व दिन्छ । समाजमा विभिन्न आवश्यकताहरू हुन्छन् । ती सबै आवश्यकता एउटै व्यक्तिले पुरा गर्न सक्दैन त्यसैले समाजमा आवश्यकतालाई पुरा गर्न विभिन्न वर्गहरू निर्माण गरिएको हुन्छ (ढकाल र कोइराला, २०६५, पृ. १५३)

Robert Chamber द्वारा प्रतिपादित सहभागिता मूलक ग्रामीण लेखाजोखा (Praticipating Rural Apprisal) सिद्धान्त अनुसार विकासको लागि जनतालाई केन्द्र विन्दुमा राख्नुपर्छ अर्थात् विकसको लागि जनसहभागिता अनिवार्य शर्त हुनुपर्छ । समाजमा कम्तिमा विपन्न अथवा अति विपन्न वर्गको संलग्नता विनाको विकास पक्षपात पूर्ण हुन्छ । चेम्वरले आवश्यकता पहिचान, योजनाको तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन र प्रतिफल वितरणमा जनसहभीगिता अनिवार्य शर्त भनेका छन् । समुदायमा पिछडिएका, सिमान्तीकरणको प्रक्रियामा रहेका तथा सुविधाविहिन वर्गको सुनुवाइलाई पहिलो प्राथमिकता मानेका छन् । उनको

सिद्धान्तअनुसार स्थानीय वास्तविकता र सामाजिक जटिलताको खोज, विकेन्द्रीत पद्दतिको अवलम्वन, पछि परेका समग्र वर्गको गणना जस्ता कुरामा ध्यान दिँदा समग्र विकास हुने कुरा स्पष्ट हुन्छ, (आर्चाय, २०६५, पृ. ४७) ।

## २.२ पूर्व साहित्यको समीक्षा

एक्काइसौं शताब्दीमा आइपुग्दा पनि समाजमा दलित भनेर चिनिने उपेक्षित उत्पिडित जातिको शैक्षिक अवस्था निकै कहाली लाग्दो छ, कतिपय समाजमा त साक्षरता शिक्षासम्म प्राप्त गर्ने दलितको संख्या पनि अत्यन्त न्यून छ । त्यसभन्दा माथिको शिक्षा त अधिकांश दलितको पहुँच भन्दा बाहिर छ । एकातीरबाट हेर्दा राष्ट्रले शिक्षामा सबैको पहुँच पुऱ्याउन विभिन्न प्रकारका योजना तथा कार्यक्रमहरू ल्याए पनि लक्षित समुहसँग पुग्न सकिरहेका छैनन्, भन्ने अर्कोतीर लक्षित समुहमा विकास भएको पुरानै सोँच र परम्पराको कारण कार्यक्रमले पनि खासै प्रभाव पार्न सकिरहेको छैन् । त्यसैले समस्याको जरो पत्ता लगाउनु र त्यसै अनुसार समस्या समाधानका उपायहरूको व्यवहारिक रूपमा कार्यन्वयन गर्नु आजको आश्यकता हो ।

समाजमा उपेक्षित र उत्पिडित विभिन्न दलित जातिहरू मध्य परियार पनि एक हो । त्यसैले यस अध्ययनले पनि परियार जातिको शैक्षिक अवस्था (शिक्षामा पहुँच) को वारेमा अध्ययन गर्ने योजना बनाएकोले केही विभिन्न व्यक्ति तथा आयोगले गरेका अध्ययनको बारेमा संक्षेपमा पुनरावलोकन गरिन्छ ।

नेपाली (२०६१) ले "अर्घाखाँची जिल्लाको नरपानि गा.वि.स.का विद्यालय तहका दलित र गैरदलित विद्यार्थीको सहभागीता" शीर्षकका गरेको एक अधययनमा प्राथमिक उमेर समुहका ७३ प्रतिशत बालबालिका विद्यालय जाने गरेको साथै गैरदलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीको उपस्थिति निकै न्यून रहेको, विद्यलाय जाने १५ प्रतिशत दलिते मात्र गृहकार्य गर्ने गरेको, २० प्रतिशत बालबालिका कापी, किताव विना नै विद्यालयमा जाने गरेको कुरा उल्लेख गरिएको छ । यस अधययनमा दलित विद्यार्थीको सहभागितासम्बन्धी निम्न समस्या औंल्याइएको छ :

- गरीवीको कारण
- शिक्षाबाट तत्काल प्रतिफल नपाउनु
- जाँडरक्सी सेवन गर्ने अभिभावकको प्रभाव केटाकेटीमा पर्नु
- परम्परागत रुढीवादी संस्कार विद्यमान हुनु आदी ।

यस अध्ययनले गरेका समस्या समाधानका उपायहरूमा चेतनामूलक कार्यक्रम, दिवा खाजाको व्यवस्था, घरदैलो जागरण कार्यक्रम, दलित जातिका कार्यकर्ताको परिचालन आदि उल्लेख गरेको छ । राई (२०६३) ले 'जालपा गा.वि.स. का दलितहरूको शैक्षिक अवस्थामा' भन्ने एक शोध प्रतिवेदनमा घरधुरी सर्वेक्षण फारम, अन्तरवार्ता र लक्षित समुहमा छलफलबाट प्राप्त

निष्कर्ष अनुसार उक्त गा.वि.स. को कुल दलितको साक्षरता प्रतिशत ७५.६६ रहेको, त्यसैगरी अन्तर दलित जातिको अध्ययनमा परियार, कामी र सार्कीको साक्षरता प्रतिशत क्रमशः ७१.७३, ७३.७४ र ७५ रहेको उल्लेख छ । त्यसैगरी दलितहरूको उपस्थिति अत्यन्त न्यून रहेको निष्कर्ष निकालेका छन् । साथै दलित जातिको शिक्षामा पहुँच बढाउन, जि.सि.का. तथा गा.वि.स.बाट विभिन्न प्रयास गरिए पनि विद्यार्थीहरू शैक्षिक उपलब्धी प्राप्त गर्न नभई भर्नाको लागि मात्र भर्ना हुने र बिचैमा विद्यालय छोड्ने समस्या भएको उल्लेख गरिएको छ । साथै यस अध्ययनमा समस्याको समाधानको लागि निम्न सुझावहरू प्रास्तुत गरिएको थियो :

- चेतनामूलक कार्यक्रम,
- वेरोजगारीलाई, रोजगारकिो व्यवस्था,
- दलित बालबालिकाको लागि सहज सिकाइको व्यवस्था,
- गरिवि निवारण कार्यक्रम,
- घरदैलो कार्यक्रम,
- सानै उमेरमा विवाह गर्ने प्रवृत्तिको अन्त्य आदी ।

झा (१९९९) ले “तराई दलित अ केश स्टडी अफ सेलेक्टेड भि.डि.सी. अफ् नेपाल” भन्ने अनुसन्धान प्रतिवेदनमा तराइका दलितहरूको वर्गीकरण, उनीहरूको सामाजिक र आर्थिक अवस्था, राजनीतिमा तिनीहरूको संलग्नता र साक्षरताको स्थितिको वारेमा प्रकाश पारिएको छ । तराइ दलितका जल्दा बल्दा समस्याहरूमा, अशिक्षा, दाइजो प्रथा, मध्यपान, धामिझाक्रीको प्रचलन आदिको वारेमा उल्लेख गरिएको छ । त्यसैगरी उनीहरूको समाजमा रहेको पछौटेपन तथा भू-स्वामित्वको स्थिति, जिविकोपार्जनका तरिका तथा जीवनस्तर उकास्न सम्भाव्य उपायको बारेमा प्रकाश पारिएको छ । समग्रमा तराइ दलित उत्थानको लागि शिक्षालाई प्राथमिकता दिइनुपर्ने कुरामा जोड दिएको छ । साथै उक्त अध्ययनमा तराइमुलका दलित जातिहरूमा उनीहरूको उत्थानको लागि कुनै पनि संस्थाले काम गरेको कुरा जानकारी नभएको औंल्याएका छन् ।

दाहाल (२०६१) ले “प्राथमिक विद्यालयमा दलित बालबालिकाको सहभागिता” शीर्षकको शोधपत्रमा विद्यालयमा विद्यालयमा र गैर दलित बालबालिकको भर्ना स्थिति, उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर, कक्षा छोड्ने दर, दलित बालबालिकाको सहभागितामा प्रभाव पार्ने तत्त्वहरू, शैक्षिक सहभागितासम्बन्धी समस्याहरू समाधान गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

शर्मा (२०५८), ले उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ (दलित समुदायसम्बन्धी परिवेश, पृ. ७६०) मा शिक्षाको पहुँचमा औंल्याएका समस्या वा मुद्दाहरू

- शैक्षिक सांस्कृतिक सम्पदाको अभाव
- जातिय छुवाछुतको समस्या

- व्यापक निरक्षरता र गरीबि
- अगुवा एवं प्रेरक दलितको कमि
- दलित सीपको अपहेलना

साथै उल्लेखित समस्या समाधानको लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

- शैक्षिक वातावरणका निर्माण
- पाठ्यपुस्तकमा परिमार्जन
- परिवर्तनका लागि तयारी तालिम
- शिक्षालयमा विशेष प्रवन्ध
- विशेष आर्थिक व्यवस्था
- दलित सीप संरक्षण र संवर्द्धन

यसप्रकार माथि उल्लेखित विभिन्न अध्ययनलाई विश्लेषण गर्दा समग्र दलित समुदायलाई लिएर विभिन्न अध्ययन भए पनि अन्तर दलित जातिको बारेमा छुट्टाछुट्टै वा तुलनात्मक अध्ययन गरेको खासै पाइँदैन । वास्तवमा सम्पूर्ण दलित जातिको शैक्षिक अवस्था र समस्या एकै प्रकारका छन् वा दलित भित्र पनि कुन जातिका समस्या कस्ता कस्ता भनेर खोज गर्नु पनि एउटा आवश्यक विषय हो । यही कुरालाई मध्यजनर गर्दै यस अध्ययनमा अर्घाखाँची जिल्लाको हंसपुर गा.वि.स. भित्र रहेका परियार जातिको शैक्षिक अवस्था के कस्तो रहेको छ ? कति बालबालिका शिक्षाको पहुँचबाट बाहिर छन् ? परियार समुदाय भित्र के कस्ता समस्याहरू छन् र समस्या समाधानका लागि के कस्ता उपायहरू उपयुक्त होलन ? भन्ने बारेमा खोज गर्ने लक्ष्य यस अध्ययनको रहेको थियो ।

यसप्रकार उल्लेखित सैद्धान्ति साहित्य र अनुसन्धान कार्यलाई समीक्षा गर्दा अर्थ, सामाजिक, सांस्कृतिक संरचना, सहभागिता, समाजिक विकृती, निरक्षरता परम्परागत पेशा र जीवनशैली तथा लैङ्गिक विभेद जस्ता कुराले शैक्षिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यस अध्ययनमा पनि परियारहरुको शैक्षिक अवस्थामा के कस्तो छ र उक्त अवस्थालाई के के ले प्रभाव पारिरहेको छ भन्ने बारेमा निम्न अनुसारको अवधारणात्मक ढाँचा तयार पारिएको छ ।

## २.३ अवधारणात्मक ढाँचा

**शिक्षामा पहुँच**

**संख्यात्मक शैक्षिक स्थिति**

**निरक्षर**
सामान्य लेखपढ
प्रा.वि. (५ पास)
नि.मा.वि. (८ पास)
मा.वि. (टेस्ट, एस.एल.सी. पास)
आइ.ए. पास

**उमेर र तहअनुसार (छात्र/छात्रा)**
विद्यालय जाने
विद्यालय नजाने

**कारणहरु**

**सहभागिता**

- साक्षर बनाउनुपर्छ भन्ने धारणा
- निरक्षर अभिभावकको व्यक्तिगत अनुभव
- अरुको देखासिकी
- दलित छात्रवृत्तिको प्रभाव
- आर्थिक प्रगति
- विद्यालयहरु नजिकै हुनु

**असहभागिता**

- आर्थिक अभाव
- शिक्षाप्रति अस्पष्ट दृष्टिकोण
- परम्परागत पेशा
- अगुवा व्यक्तिको अभाव
- वैदेशिक रोजगारमा आकर्षित
- वंशानुक्रम, वातावरण र संस्कृति संरचनाको प्रभाव
- विद्यालयमा सहज सिकाइको वातावरण नहुनु
- अव्यवहारिक शिक्षा

**उपायहरू**

- सचेतीकरण,
- निरक्षरता उन्मुलन
- सामाजिक विकृतिको अन्त्य
- वचत गर्ने वानीको विकास,
- पेशामा आधुनिकीकरण
- आयआर्जन मूलक तालिम
- बैदेशिक रोजगारमा जाने प्रवृतिलाई निरुत्साहित
- छात्रवृत्तिको विशेष प्रबन्ध
- प्राथमिकता साथ सेवा क्षेत्रमा प्रवेश
- विद्यालयमा आकर्षित कार्यक्रम
- छुट्टै विद्यालयको स्थापना

# अध्याय तीन

## ३.१ अनुसन्धान विधि

कुनै पनि अनुसन्धान कार्यलाई व्यवस्थित रूपले सम्पन्न गरी उद्देश्य प्राप्तिको लागि विभिन्न विधि तथा प्रक्रियाहरू अपनाउनु पर्ने हुन्छ । अनुसन्धानको विधि अनुसन्धानको उद्देश्य र प्रकृतिअनुसार तय गरिनुपर्छ यो अनुसन्धान कार्य सम्पन्न गर्नको लागि सर्वेक्षण विधिको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको ढाँचा

यस  अध्ययनको संरचनागत ढाँचा निम्नानुसार रहेको छ ।

| क्र.सं. | अनुसन्धानका उद्देश्यहरू | सूचनाको स्रोत | सूचना संकलनका साधनहरू |
|---|---|---|---|
| १ | परियार जातिको तहगत संख्यात्मक शैक्षिक अवस्था पत्त लगाउनु | घरधुरी सर्वेक्षण | घरधुरी सर्वेक्षण फाराम |
| २ | विद्यालय उमेरका विद्यालय जाने र विद्यालय नजाने छात्र छात्राको संख्यात्मक अवस्था पत्ता लगाउनु । | घरधुरी सर्वेक्षण | घरधुरी सर्वेक्षण फाराम |
| ३ | विद्यालय उमेरका बालबालिका विद्यालय जानु र नजानुका कारण पत्ता लगाउनु | प्रत्येक घरको घरमूली छनोट गरिएका विद्यार्थी | अन्तर्वार्ता - घरमूली, लक्षित समूह छलफल-विद्यार्थी |
| ४ | विद्यलाय जान वाधा पुर्‍याउने तत्त्वहरू हटाउने उपाय खोजी गर्ने | घरमूली उक्त समुदायमा भएका अगुवा व्यक्ति (१० जना) | अन्तर्वार्ता-घरमूली लक्षित समूह छलफल-अभिभावक |

## ३.३ क्षेत्र र नमुना छनोट

अनुसन्धानकर्तालाई पायक पर्ने र अनुसन्धानको उद्देश्य पुरा हुने भएकोले अर्घाखाँची जिल्लाको हंसपुर गा.वि.स.लाई अध्ययन क्षत्रको रूपमा छनोट गरएको थियो । अध्ययनमा उक्त गा.वि.समा रहेका सम्पूर्ण परियारहरुलाई समावेश गरिएको थियो ।

## ३.४ जनसंख्या र नमुना छनोट प्रक्रिया

यो अध्ययनको जनसंख्या र नमुना छनोट प्रक्रिया निम्नअनुसार छ :

| सूचनादाता | जनसंख्या | नमुना छनोट प्रक्रिया |
|---|---|---|
| घरमूली (परियार) | ६८ | उद्देश्यूलक |
| अगुवा व्यक्ति | १० | उद्देश्यूलक |
| विद्यालय जाने बालबालिका | १० | उद्देश्यूलक |

### ३.५ साधनहरूको निर्माण

यो अध्ययनमा निम्न प्रकारका साधन निर्माण गरी संख्यात्मक र गुणात्मक तथ्याङ्क संकलन गरिएको थियो ।

(क) घरधुरी सर्वेक्षण फाराम

अनुसूची १ को ढाँचामा फारम निर्माण गरी सबै परियारहरुको नाम, नाता, उमेर, लिङ्ग, शिक्षा, पेशा र आम्दानीको विवरण प्रत्येक घरमुली अभिभावकबाट लिइएको थियो ।

(ख) घरमुलीसँगको अन्तर्वार्ता निर्देशिका

बालबालिका विद्यालय जानु र नजानुका कारण लगाएतका विभिन्न सूचना संकलन गर्नको लागि अनुसूची २ मा उल्लेखित अन्तरवार्ता प्रश्नावली सबै घरमूली अभिभावकलाई सोधिएको थियो ।

(ग) अगुवा व्यक्ति - लक्षित समूह छलफल निर्देशिका

परियार समुदायको नजिकै रहेका, शिक्षक, स्थानीय व्यापारी र समाजसेवीहरु मध्येबाट १० जना व्यक्ति छनोट गरी अनुसूची ३ मा उल्लेखित निर्देशिकाको आधारमा सूचना संकलन गरिएको थियो ।

(घ) विद्यालय नजाने बालबालिकाको लागि लक्षित समूह छलफल निर्देशिका

बिचमा विद्यालय छोडि घरमै बसेका बालबालिकाहरुमध्ये १० जनालाई मात्र उद्देश्यमूलक रुपमा छनोट गरी अनुसूची ४ मा उल्लेखित निर्देशिकाको आधारमा तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.६ साधनहरूको प्रमाणिकरण

यस अनुसन्धान कार्यको लागि निर्माण गरिने विभिन्न साधनहरू अनुसन्धान निर्देशकको राय, सल्लाह र सुझावको आधारमा तयार गरिएको थियो । साधनलाई अन्तिम रूप दिनु अघि काठमाडौं, कीर्तिपुरका ५ जना अभिभावकलाई परीक्षण स्वरूप प्रश्नावली सोधी कमीकमजोरीलाई सुधार गरिएको थियो ।

### ३.७ तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्ययनबाट प्राप्त विभिन्न सूचनालाई परिमाणात्मक तथा गुणात्मक विधिको प्रयोग गर्दै व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.८ नीतिगत पक्षहरू

प्रस्तुत अध्ययनमा सूचनाको प्रमुख श्रोत व्यक्तिहरू नै भएकोले अनुसन्धानको क्रममा निम्नअनुसारका नीतिगत मूल्यको पालना गरिएको थियो ।

- अनुसन्धानको क्रममा अनुसन्धानको उद्देश्य स्पष्ट पारिसकेपछि अनुसन्धान कर्ताबाट यथार्थ तथ्याङ्क र सूचना संकलन गरिएको थियो ।
- सूचना संकलनको क्रममा अनुसन्धानकर्तालाई कुनै पनि प्रकारको आश्वासन दिने, प्रलोभनमा पार्ने काम गरिएको छैन ।
- सूचना संकलनको क्रममा जाँदा अनुसन्धानकर्ता काममा जान आत्तिएको हतारिएको अवस्था भए आफ्नो उद्देश्य वताई अनुसुन्धान कर्ताको सहमतिमा पुनः समय मिलाएर सूचना संकलन गरिएको थियो ।
- अनुसन्धान कर्तासँग सधैभरि नम्र र शिष्ट व्यवहार गरिएको थियो ।
- अनुसन्धानको क्रममा अनुसन्धानको उद्देश्यभन्दा बाहिर रहेका व्यक्तिगत मूल्य मान्यता आँच आउने खालका जानकारी प्राप्त भएमा त्यस्ता जानकारी प्रतिवेदनमा समावेश गरिएको छैन ।

# अध्याय चार
# अध्ययन क्षेत्रको परिचय

## ४.१ पृष्ठभूमि

गौतम बुद्धको पवित्र जन्मस्थल लुम्विनी र यसैबाट नामाकरण गरिएको लुम्बिनी अञ्चलका ६ वटा जिल्लाहरूमध्ये अर्घाखाँची एक पहाडि जिल्ला हो । चौविसे राज्यहरूमध्ये अर्घाखाँचीका २ वटा राज्य अर्घा र खाँचीबाट अर्घाखाँची नामाकरण गरिएको ऐतिहासिक तथ्य छ ।

हाल अर्घाखाँची जिल्लाका ४२ गा.वि.स मध्ये हंसपुर गा.वि.स पनि एक हो । राजनैतिक हिसाबले जिल्लाको पश्चिम निर्वाचन क्षेत्र नं. १ र इलाका नं. ५ मा अवस्थित छ । जिल्ला सदरमुकाम सन्धीखर्कबाट करिव २० किलोमिटरको दुरीमा गा.वि.स. को करिव-करिब मध्यभागमा रतनमारे भन्ने चर्चित स्थान छ । उक्त स्थानमा गा.वि.स. कार्यालयदेखि लिएर जनसेवामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरोकार राख्ने खालका सरकारी तथा गैरसरकारी संघसंस्थाहरू रहेका छन् ।

यस गा.वि.स को पूर्वमा खनदह, बाँगी र गुल्मीको हाडहाडे गा.वि.स पर्दछन् । पश्चिममा ढाकावाङ र गोखुङ्गा गा.वि.स. पर्ददछन् । यस गा.वि.स. को उत्तर-पश्चिममा अर्घाखाँची, प्युठान र गुल्मि तीनवटै जिल्लाको मिलन भएको छ । यस गा.वि.स. दक्षिणमा धारापनी गा.वि.स. छ । यसप्रकारको भौगोलिक सिमानामा छुट्टिएको हंसपुर गा.वि.स. का आफ्नै विशेषता छन् ।

## ४.२ भू-बनोट

यस गा.वि.स. को सम्पूर्ण क्षेत्र पहाडि भू-धरातलले बेनको छ । यस गा.वि.स. को उत्तर-पूर्वमा लोहोरी, मालारानी जस्ता उच्च पहाडका टाकुरा छन् । उक्त टाकुराहरूबाट बिहानी सूर्योदयसँगै उत्तरतीर माछापुच्छे, धौलागिरी जस्ता हिमचुचुराहरू र दक्षिणतीर तराइका फाँटहरू देख्न सकिन्छ । चैत-वैशाखमा टाकुराको तलपट्टी लालीगुराँस ढकमक्क फुलेर बेहुली झै सिंगारिएर हिमचुचुरासँग मितेरी लगाएको मनोमोहक दृश्य देख्न सकिन्छ ।

यस गा.वि.स. को वाड नं. १ को पजीङखोला, वाड नं. २ को डाडागाउँ र हंसपुर, वार्ड नं. ३ को ठाढुङ्गा, वार्ड नं. ४ को लोहोरी मेहेलपानी, वार्ड नं. ७ र ८ को वारुमक जस्ता टोलमा समथर र उर्वर भूमि छ; उक्त भूमिमा हिउँदको समयमा गहुँ, जौं आदि खेती गरिन्छ भने वर्षातको समयको प्रमुख बाली मकै हो । अन्य गाउँहरूको तुलनामा वाड नं. ५ र ६ केही विकट छन् । तर वार्ड नं. ६ सुन्तला जातको फलफुलको लागि निकै उर्वर भूमि मानिन्छ । यस

गा.वि.स.को सबै ठाउँहरूमा खानेपानी बाहेक सिंचाईको प्रबन्ध छैन । खेतीपातीको लागि आकाशे पानीमा नै भरपर्नु पर्छ ।

### ४.३ जलवायु

हंसपुर गा.वि.स. मा शमशितोष्ण खालको जलवायु पाइन्छ । यहाँ न त ज्यादै गर्मि न ज्यादै जाडो नै हुन्छ । हिउँदको समयमा केही जाडो हुने , छिटपुट रूपमा अग्ला भागमा तुषारो पर्छ । वर्षातको समयमा ठिक अनुपातमा वर्षा हुने र केही उच्च भागमा कुहिरो लाग्ने गर्दछ । वर्षातको समयमा कहिलेकाही धेरै पानी पर्ने र हावा हुरीको कारण मकैवाली नष्ट हुने गरेको पाइन्छ भने हिउँदको समयमा प्राय पानी नै नपरी हिउँदे उत्पादन निकै कम हुने गरेको पाइन्छ भने कहिलेकाही हिउँ र असिनाले वाली नष्ट गर्ने गरेको पाइन्छ । समग्रमा हंसपुर गा.वि.सको हावापानी निकै  शितल र स्वच्छ छ ।

### ४.४ वनजंगल

यस गा.वि.स भित्र रहेका अधिकांश बनलाई सामुदायिक वनाइएको छ । उक्त सामुदायिक वनभित्र विशेषगरी सल्ला र उत्तीस रोपेर हराभरा बनाइएको छ । वनजंगलमा रहेका प्राकृतिक रुखहरूमा सल्ला, चाँप, चिलाउने, कटुस, मलागेडी, लाकुरी, गुराँस, वाँज, खर्सु, पैंयु, दालचिनी, गिठो, काउलो, खन्यु, टिमुर, सिल्टीमुर, सेतोवरुवा, हर्रो, बर्रो, अमला आदि पाइन्छन् । हिउँदको समयमा ऐसेलु, काफल, चौतारी, तेजु, कटुस, जातका प्राकृतिक फलफूल खान पाइन्छ । वर्षातको समयमा चिउरी, ओखर आदि पाइन्छ ।

वनजंगलमा विशेष गरि मृग, खरायो, स्याल, बाँदर, वाँघ, दुम्सी आदि जंगली जनावर पाइन्छन् भने चरचुरुङ्गीमा, कालीज, ढुकुर च्याखुरा, कोइली, न्युली, काग, गिद्ध, चील, सारी आदि पाइन्छन् । हिउँदको समयमा कोइली र न्युली चरिको मिठो धुनले वनपाखालाई नै रमाइलो बनाइदिन्छन् ।

### ४.५ शैक्षिक संस्थाहरू

शैक्षिक क्षेत्रमा पनि हंसपुर गा.वि.स. पहिले देखि नै अगाडि देखिन्छ । आधुनिक शिक्षा प्रणाली अन्तर्गत वि.सं. २००९ सालदेखि मेहलपानी र २०१६ सालदेखि तरनमारे र वामरुकमा विद्यालय शिक्षाको थालनी भएको थियो । हालसम्म आइपुग्दा हंसपुर गा.वि.स भित्र संचालित विद्यालयहरूको विवरण तल तालिकमा उल्लेख गरिएको छ ।

**तालिका नं. २ : हंसपुर गा.वि.स.मा संचालित विद्यालय विवरण**

| **विद्यालयको तह** | **विद्यालय संख्या** | **कैफियत** |
|---|---|---|
| उच्च मा.वि. | १ | |
| मा.वि. | २ | |
| नि.मा.वि. | ३ | |
| प्रा.वि. | ८ | |
| **जम्मा** | १४ | |

माथिको तालिकालाई अध्ययन गर्दा हंसपुर गा.वि.स मा संचालित विद्यालय हरूमध्ये उच्च मा.वि. १, मा.वि. २, नि.मा.वि. ३ र सबैभन्दा बढी प्रा.वि. ८ वटा रहेका छन् ।

## ४.६ यातायात र सञ्चार

हाल अर्घाखाँची जिल्ला यातायातको दृष्टिकोणले देशकै नमूना जिल्ला हो । हंसपुर गा.वि.स. पनि यातायातको दृष्टिकोणले निकै अगाडि छ । गा.वि.स भित्रका प्रत्यक वाडका लगभग टोल-टोलमा मोटरवाटो पुगिकेको छ । जिल्ला सदरमुकाम सन्धीखर्कबाट हंसपुर रत्नकुञ्ज हुँदै गोखुङ्गा देउरालीसम्म एक वस र दुईवटा जिप दैनिक आवातजावत गर्छन। त्यस्तै हंसपुर रत्नकुञ्ज हुँदै गुल्मिको पुर्कोटदहसम्म पनि वस र जीप सेवा सञ्चालनमा छ । सन्धीखर्कबाटै गुल्मीको हाडहाडे, वाड नं. २ मूल, वार्ड नं. ४ मेहलपानी वाड नं. ७ र ८ नुन्थलासम्म हिउँद र वर्षा जुनसकै समयमा पनि जीप सेवा संचालनमा छ । अन्य वाड भन्दा वाड नं. ६ केही विकट छ । मोटरवाटो खनिए तापनि संचालनमा आइनसकेको अवस्था छ । प्रत्येक वाडका टोलटोलका वाटो विस्तार गर्ने क्रम निरन्तर चलिरहेको छ । सालझण्डी-ढोरपाटन जोड्ने सडक सन्धीखर्कबाट हंसपुर गा.वि.स.को रतनमारे लोहोरी हुँदै जाने भएकोले यस वाटोको स्तर छिटो-छिटो सुधिने देखिन्छ ।

सञ्चारको कुरा गर्ने हो भने एउटा इलाका हुलाक कार्यालय छ साथै गा.वि.स. का प्रत्यक वार्डका कुना कुनामा स्काइ (सिडिएमए) फोन सञ्चालमा ल्याउन सकिन्छ । गा.वि.स.को धेरैजसो भागमा नमस्ते फोनको टावरले पनि काम गर्दछ, अन्य प्रकारका मुवाइल फोन सेवा भने संचालनमा छैन ।

## ४.७ प्रमुख सरकारी र गैर सरकारी संस्थाहरू

विकासको दृष्टिकोणले सुविधा पु¥याउने सेवारत विभिन्न संघसंस्थाहरू मध्ये विद्यालय संख्या १४, पशु सेवाकेन्द्र १, कृषि सेवाकेन्द्र १, इलाका हुलाक कार्यालय १, स्वास्थ्य चौकि १ रहेका छन् । त्यसै गरी ३ वटा वचत तथा ऋण सहरकारी संस्था संचालित छन् । त्यस्तै नेपाल

रेडक्रम सोसाइटीको उपशाखा कार्यालय पनि यस गा.वि.स. मा रहेको छ । यस गा.वि.स. भित्र विभिन्न युवा क्लवहरू र आमासमूहहरू पनि आ-आफ्नो क्षेत्रमा क्रियाशिल रहेको देखिन्छ ।

### ४.८ उद्योगधन्दा

यस गा.वि.स. भित्र खासै उद्योग धन्दा नभए तापनि पुर्ख्यौली रुपमा संचालन गर्दै आएका घरेलु उद्योगहरू उद्योगको रुपमा संचालन नभइ केवल दैनिक जीवन निर्वाहको लागि संचालन भएको पाइन्छ । यस गा.वि.मा कुटानी पिसानीको लागि ४ वटा पम्पसेट मेसिनहरू रहेका छन् भने हँसिया, खुकुरी तथा फलामका अन्य भाँडा, सुन चाँदीका गरगहना, बाँस र निगालोका डोका, मान्द्रा, मादल, भेडाको उनवाट काम्ला बनाउने, कपडा सिलाउने तथा सामान्य काठका फर्निचर निर्माण गरी विक्रि वितरण गर्ने र आय आर्जन गर्ने गरेको पाइन्छ ।

### ४.९ धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू

यस गा.वि.स. मा विभिन्न ठाउँहरूमा देवि-देवताका मठमन्दीरहरू छन् । विशेषगरी हंसपुर, राँगामारे र नृसिंह स्थानमा रहेका देविका मन्दिर प्रमुख मानिन्छन् । उक्त मान्दिरमा विशेषगरी दशैंको प्रतिपदादेखि पूर्णिमा सम्म पूजा आरधना गरिन्छ । वर्षौंदेखि द्वादसी तिथिमा हंसपुरकोट, चतुर्दशी तिथिमा राँगामारे र नवमी तिथिमा नृसिंह स्थानमा राँगा, पाठा र कुखुरा बली दिनुको साथै उक्त दिनहरूमै भव्य रुपमा सराँय नाँच गरिन्छ । त्यसैगरी लोहरीको शिवालय मन्दिर र मालारानीको मन्दिरमा शिवरात्रीको दिन पूजा आधारधना र भजनकृतन गरिन्छ । उक्त दिन भक्तजनहरू गाँजा र भाङ खाइ रमाउने गर्दछन् । मालारानीमा दशैंको त्रयोदशिका दिन सराँय नाँच लगाइन्छ तर उक्त स्थानमा बली दिने चलन छैन । मालारानी मन्दिरको तलपट्टी जंगलमा एउटा विशाल गुराँसको रुखको टोड्कोमा पानी रहेको छ । उक्त रुखको पानी कहिल्यै नसुक्ने विश्वास गरिन्छ । त्यसैगरी नृसिंहस्थान जंगलको विचमा गोलाइ र उचाइ करिब ५२/५२ हात भएको एउटा भयङ्कर शिला छ । शिलाको वरिपरी विभिन्न देविदेवताको मन्दिरहरू बनाइएको छ । जे होस् यस गा.वि.स. को मालारानी र नृसिंहस्थानमा समुचित संरक्षण र संवर्द्धन गर्न सकेमा महत्वपूर्ण पर्यटकीय स्थल बन्न सक्ने देखिन्छ ।

### ४.१० जातजाति, भाषा, धर्म, संस्कृति र रहनसहन

हंसपुर गा.वि.स. भित्र विभिन्न जातजातिका मानिसहरू बसोबास गर्छन । विभिन्न जातिहरू मध्ये ब्राह्मण अन्तर्गत अधिकारी, पन्थी, रिजाल भूसाल, खनाल, मरासिनी, मिश्र, पाण्डे, अर्याल आदि थरका मानिहरू बस्छन् । क्षेत्री अन्तर्गत जि.सी., खत्री, घर्ती, बुढाथोकी, राउत, राँहु, विष्ट, वस्नेत, थापा, नगरकोटी, खनाल आदि बस्छन्, त्यस्तै जनजाति अन्तर्गत मगर, गुरुङ, पुन, राना, श्रीष आदि पर्छन भने यस गा.वि.स. भित्र बसोबास गर्ने दलित जातिमा नेपाली, विश्वकर्मा, सुनार र परियार हुन् ।

यसप्रकार विभिन्न जातजातिका मानिसहरू बसोबास गरेपनि कुनै पनि जातिले जातिगत आधारमा मातृभाषाको प्रयोग गरेको पाइँदैन । नेपाली भाषा नै यस गा.वि.स.का सम्पूर्ण जातजातिको लेखन तथा कथ्य भाषा हो ।

यस गा.वि.स. का अधिकांश व्यक्तिहरू हिन्दु धर्म मान्ने गर्दछन्, त्यसैले दशैं, तिहार, जनैपूर्णिमामा, माघे संक्रान्ति, साउने संक्रान्ति, चैते दशै, शिवरात्री, होली आदि पर्वलाई प्रमुख पर्वको रुपमा मनाउँछन् ।

भौगोलिक हिसावले पहाडि क्षेत्र भए पनि समशीतोष्ण हावापानी पाइने भएकोले यहाँका वासिन्दाहरू दौरा, सुरुवाल सर्ट, पाइन्ट, चोलो, धोती, बुलौज, सारी आदि कपडा लगाउने गर्दछन् । महिलाहरू विशेषत नौगेडी, तिलहरी, माडवरी, क्लिप, लुर्का जस्ता गरगहना लगाउने गर्छन ।

## ४.११ पेशा तथा व्यवसाय

यस गा.वि.स.का अधिकांश वासिन्दाको प्रमुख पेशा कृषि हो । कृषि सेवाकेन्द्रको तथ्याङ्क अनुसार यहाँका ८० प्रतिशत मानिस कृषि पेशामा निर्भर छन् । यस गा.वि.स.मा उत्पादन हुने खाद्यान्न तथा नगदेवालीमा मकै, गहुँ, जौ कोदो, फापर, अलैची, सुन्तला, कागती, जुनार, केरा आदि पर्छन । कतिपय कृषकले काउली, वन्दा, आलु, लसुन, प्याज जस्ता तरकारी बाली व्यवसायिक रुपमा पनि लगाउने गरेको पाइन्छ । यस गा.वि.स. बाट निकासी योग्य कृषि उत्पादनमा अलैंची, सोमे, टिमुर, सिल्टीमुर, दालचिनी, सुन्तला आदि रहेका छन् ।

कृषि बाहेक अन्य पेशाका मानिसहरू भारतीय र नेपाली सेना अन्य निजामति तथा शिक्षण सेवामा संलग्न छन भने कतिपय वैदेशिक रोजगारको लागि आकर्षित भएको देखिन्छ । साकिन्धारा, सिंदुरे, बामरुक, पजीङ्खोला आदि टोलमा भारतिय सैनिक र भू.पू. सैनिकहरूले वर्षमा लाखौ लाख भारतिय रुपियाँ नेपालमा भित्राउँछन् तर यस गा.वि.स. भित्र दलित तथा गरीब व्यक्तिहरू यथास्थिति मै आफ्नो जीवन गुजारीरहेका छन् । यस्तै स्थितिमा जीवन गुजारीरहेको एउटा जाति परियार हो । व्यापक गरीबी र अशिक्षाको कारण शिक्षा क्षेत्रमा पनि परियार समुदायको पहुँच पुग्न नसकेको कारण उक्त समुदायको स्थलगत अध्ययन गरिएको छ ।

## ४.१२ जनसंख्या र शैक्षिक विवरण

नेपाल सरकार, शिक्षामन्त्रालय अनौपचारिक शिक्षा केन्द्रद्वारा संचालित साक्षरता अभियानको लागि संकलित तथ्याङ्क अनुसार हंसपुर गा.वि.स.को वाडगत जनसंख्या र सामान्य शैक्षिक विवरणलाई तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ३ : हंसपुर गा.वि.स.को जनसंख्या र शैक्षिक विवरण**

| वार्ड नं. | घरधुरी संख्या | वार्डको कुल जनसंख्या | ५-१५ वर्ष उमेर समूहको बालबालिकाको विवरण | | १५ वर्ष माथिको साक्षरताको संख्यात्मक विवरण | | | | १५ वर्ष माथिको निरक्षर विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विद्यालय जाने | विद्यालय नजाने | सामान्य लेखपढ गर्ने | कक्षा ५ उत्तीर्ण | कक्षा ८ उत्तीर्ण | एस.एल.सी. वा सो भन्दा बढी | महिला | पुरुष | जम्मा |
| १ | १८९ | १४४८ | १८१ | ११ | १७२ | १४८ | १०६ | ७९ | १३७ | ५५ | १९२ |
| २ | २८२ | १६२९ | ३९५ | ११ | २५१ | १५० | १८६ | २३४ | १५९ | ४९ | २०८ |
| ३ | २२८ | १२२६ | ३०२ | १२० | २०९ | १६३ | १०८ | ११७ | ११६ | ६३ | १७९ |
| ४ | २०५ | १२१६ | २९३ | १७ | १६३ | १३३ | १२६ | २०२ | २२५ | ५३ | १७८ |
| ५ | २२९ | १३०९ | २६१ | ३२ | १७२ | १८४ | १८० | १७८ | १०२ | २३ | १२५ |
| ६ | १४५ | ९०३ | २०५ | १७ | ११८ | १३४ | ९६ | ९० | ८७ | ४५ | १३२ |
| ७ | २०३ | १०८४ | २३४ | ५ | १६० | १३४ | १५५ | ११५ | ९८ | ३४ | १३२ |
| ८ | २२५ | १२३१ | २०९ | ३१ | ४०८ | ११८ | ११९ | १५९ | १२९ | ३५ | १६४ |
| ९ | १७१ | ८९५ | १७९ | - | १४२ | ९६ | १०५ | १७३ | ९५ | १२ | १०७ |
| जम्मा | १८७७ | १०६४१ | २३५९ | २४४ | १७९५ | १२५९ | ११८१ | १३४७ | १०४८ | ३६९ | १४१७ |

(स्रोत : हंसपुर स्रोत केन्द्र, साक्षरता अभियानको लागि नामावली संकलन फारम, २०६७)

माथिको तालिकालाई अध्ययन गर्दा सबैभन्दा बढी जनसंख्या वाड नं. २ मा १६२९ (१५%) देखिन्छ भने सबैभन्दा कम जनसंख्या वाड नं. ९ मा ८९५ (८%) छ। शैक्षिक विवरण सम्बन्धी तथ्याङ्कलाई हेर्दा वाड नं ३ मा सबैभन्दा बढी १२० जना विद्यालय उमेरका बालबालिका विद्यालय नगएको देखिन्छ भने गा.वि.स. भरिमा २४४ विद्यालय उमेरका बालबालिका विद्यालय नजाने गरेको देखिन्छ। १५ वर्ष माथिको जनसंख्याको शैक्षिक स्थितिलाई हेर्दा सबैभन्दा बढी जनसंख्या सामान्य लेखपढ गर्न सक्नेमात्र छन्। एस.एल.सी. वा सो भन्दा माथिल्लो शैक्षिक योग्यता प्राप्त गर्ने जनसंख्या १३४७ मात्र छ। १५ वर्ष भन्दा माथिल्लो उमेरका कुल १४१७ व्यक्ति अझै पनि निरक्षर छन्। निरक्षरहरूमध्ये महिलाको संख्या १०४८ पुरुषको संख्या ३६९ छ। यसप्रकार हंसपुर गा.वि.स.को समग्र शैक्षिक अवस्था राम्रो छ भनेर भन्न सकिदैन। कुल जनसंख्याको करिब १३ प्रतिशत जनसंख्या निरक्षर छ।

# अध्याय पाँच
# तथ्याङ्कको विश्लेषण र व्याख्या

## ५.१ परिचय

प्रस्तुत अध्ययन **हंसपुर गा.वि.स.का परियार जातिको शिक्षामा पहुँच** शीर्षक अन्तर्गत परियार जातिको तहगत संख्यात्मक शैक्षिक अवस्था, विद्यालय, उमेरका विद्यालय जाने तथा विद्यालय नजाने बालबालिकाहरूको संख्यात्मक शैक्षिक अवस्था, विद्यालय जानु तथा विद्यालय छोड्नुका कारणहरू तथा विद्यालय जान वाधा पुर्‍याउने तत्वहरू हटाउने उपायहरूको खोजी गर्ने उद्देश्यले संचालन गरिएको थियो । अध्ययनको उद्देश्य प्राप्तीको शिलशिलामा घरधुरी सर्वेक्षण, घरमूली अभिभावकसँग अन्तरर्वार्ता, गाउँका अगुवा व्यक्ति (१० जना) तथा विद्यालय नजाने बालबालिका (१० जना) लाई छुट्टा-छुट्टै समूहमा राखेर लक्षित समूह छलफल गरी विभिन्न सूचना तथा तथ्याङ्कहरू संकलन गरिएको थियो ।

यस अध्ययनमा अध्ययनको उद्देश्यसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बन्ध, राख्ने चरहरू जस्तै वस्ति वितरण अवस्था, उमेर र लिङ्गअनुसार जनसंख्या, परिवारको किसिमि तथा सदस्य संख्या, पेशा तथा आर्थिक अवस्था र रोजगारको लागि विदेशमा जानेको विवरणलाई संख्यात्मक तथा गुणात्मक विधिको प्रयोग गरी प्रस्तुतीकरणको साथसाथै व्याख्या र विश्लेषण गरिएको छ ।

## ५.२ वस्ति वितरण अवस्था

हंसपुर गा.वि.स. वसोवास गने परियारहरूको वितरण अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : हंसपुर गा.वि.स. मा बसोबास गर्ने परियारहरू (वाड, घरधुरी र जनसंख्या)**

| वाड नं. | घरधुरी संख्या | जनसंख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | २ | १६ | ४ | |
| २ | ४० | २७३ | ६१ | |
| ३ | १२ | ७५ | १७ | |
| ४ | १ | ९ | २ | |
| ५ | ११ | ५७ | १३ | |
| ९ | २ | १४ | ३ | |
| जम्मा | ६८ | ४४४ | १०० | |

(स्रोत : घरधुरी, सर्वेक्षण, २०६७)

हंसपुर गा.वि.स. भित्र व्राह्मण, क्षेत्री, वैश्य, शुद्र अन्तरगतका विभिन्न जातजातिहरू विभिन्न वाडहरूमा मिश्रित रुपमा बसोबास गर्ने गरेको पाइन्छ । माथिको तालिकाको आधारमा

हंसपुर गा.वि.स. का परियारहरूमध्ये सबैभन्दा बढी २७३ (६१%) जना वाड नं. २ मा बस्ने गरेको पाइयो, त्यस्तै वाड नं. ३ मा ७५ (१७%) परियारहरू बस्ने गरेको पाइयो । वाड नं. ४ मा १ घरधुरीमात्र परियार बसोवास गरेको पाइयो भने वाड नं. ६, ७ र ८ मा परियारको वस्ति नै नभएको पाइयो ।

समग्रमा भन्नपर्दा हंसपुर गा.वि.स भित्र तीन चौथाइ भन्दा बढी (७८%) परियारहरू वाड नं. २ र ३ मात्र बसोवास गरेको पाइयो । यो तथ्यलाई मूल्याङ्कन गर्दा परियारहरूको जनसंख्या पूर्खाहरू बसेको ठाउँमा नै विस्तार भएको देखिन्छ ।

### ५.३ उमेर तथा लिङ्गका आधारमा जनसंख्या विवरण

कुनै पनि क्षेत्र वा समुदायमा रहेको उमेरगत जनसंख्याले समुदायले विकास र सहभागिता प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । उमेर अनुसारको जनसंख्याको बनोट र आकारको आधारमा विभिन्न पक्षको तुलनात्मक अध्ययन तथा व्याख्या विश्लेषण गर्न सकिन्छ । त्यसैले उमेर लिङ्गको आधारमा जनसंख्या विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५ : हंसपुर गा.वि.स.का परियारहरूको (उमेर र लिङ्गका आधारमा) जनसंख्या विवरण**

| लिङ्ग | उमेर | ५ वर्ष मुनि (C) | ५–९ वर्ष .(C) | १०–१२ वर्ष (C) | १३–१४ वर्ष (C) | १५ वर्ष भन्दा बढी (C) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **महिला** | (R) | (५०) २९(१४) | (५०) २७(१३) | (४६) १८(८) | (४८) १२(५) | (४७) १५७(६०) | (४८) २१३(१००) |
| **पुरुष** | (R) | (५०) २९(१३) | (५०) २७(१२) | (५४) २१(९) | (५२) १३(५) | (५३) १४१ (६०) | (५२) २३१(१००) |
| **जम्मा** | (R) | (१००) ५८(१३) | (१००) ५४ (१२) | (१००) ३९(९) | (१००) २५(६) | (१००) २६८(६०) | (१००) ४४४(१००) |

(स्रोत : घरधुरी सर्वेक्षण, २०६७)

((C) = लहर (Column) प्रतिशत,) ((R) = पङ्क्ति (Row) प्रतिशत))

माथिको तालिका अनुसार हंसपुर गा.वि.स. भित्र परियार जातिको जनसंख्या ४४४ छ, उक्त जनसंख्या मध्ये ५ वर्ष मुनिको जनसंख्या १३ प्रतिशत छ । ५ -९ वर्ष उमेर समूहको जनसंख्या १२ प्रतिशत छन् । उक्त उमेर समूहमा पनि महिला र पूरुषको संख्या बराबर छ । १०-१२ वर्ष उमेर समूहमा महिला र पुरुषको जम्मा संख्या ३९ (९%) छ । १३-१४ वर्ष उमेर

समूहभित्रको जनसंख्या २६ (६%) छ । ५ वर्ष भन्दा माथिल्लो उमेर समूहको जनसंख्या २६८ (६०%) छ ।

### ५.४ परिवारका किसिम र सदस्य संख्या

एउटै घर वा परिवारभित्र बसोवास गर्ने सदस्यहरूको नाता सम्बन्धको आधारमा गरिएको वर्गीकरण अनुसार परिवारको किसिम निम्न अनुसार छ ।

**तालिका ६ : हंसपुर गा.वि.स. परिवारको परिवारको वर्गीकरण**

| परिवारको किसिम | परिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| एकल | ३९ | ५८ | |
| संयुक्त | २४ | ३५ | |
| वृहत | ५ | ७ | |
| **जम्मा** | **६८** | **१००** | |

(स्रोत : घरधुरी सर्वेक्षण, २०५७)

तालिकालाई अध्ययन गर्दा जम्मा ६८ धरधुरी परिवार मध्ये सबैभन्दा बढी ३९ (५८%) घरधुरी एकल परिवारमा बस्ने गरेको पाइयो भने सबैभन्दा कम ५ (७%) परिवार वृहत परिवारमा वसोवास गरेको देखिन्छ । त्यसैगरी २४ (३५%) परिवारले संयुक्त परिवारमा रहेर जीवन विताइरहेको देखिन्छ । यसप्रकार समग्रमा हेर्दा वृहत परिवारमा बस्ने संख्या अति कम र एकल परिवारमा बसोवास गर्नेको संख्या अधिक रहेको पाइयो ।

**तालिका ७ : सदस्य सख्याको आधारमा पारिवारिक विवरण**

| सदस्य संख्या | परिवारको संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १-५ | २७ | ४० | |
| ६-१० | ३७ | ५३ | |
| ११-१५ | ३ | ५ | |
| १६-२० | १ | २ | |
| **जम्मा** | **६८** | **१००** | |

(स्रोत : घरधुरी सर्वेक्षण, २०५७)

माथिको तालिकालाई अध्ययन गर्दा १ जना देखि लिएर २० जना सम्म सदस्यहरू एउटा परिवारमा बसोवास गरेको देखिन्छ । १ देखि ५ जना सम्म सदस्यहरू भएको परिवार संख्या २७ (४०%) छ । ६-१० जना सदस्यहरू भएको परिवार संख्या २०(४०%) छ । ६-१० जना सदस्य भएको परिवार संख्या ३७ (५३%) छ । ११ देखि १५ सदस्य भएको परिवार संख्या ३ (५%) र १६-२० सदस्य भएको परिवार संख्या १ (२%) छ । निष्कर्षमा भन्नुपर्दा ६-१० सदस्यहरू भएको परिवार संख्या अधिक पाइयो ।

## ५.५ पेशा तथा आर्थिक अवस्था

हंसपुर गा.वि.स. मा रहेका ६८ घरधुरी परिवारमा घरमूलीको पेशागत विवरणलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ८ : पेशागत सख्याको आधारमा पारिवारिक विवरण**

| सि.नं. | पेशा | परिवार सख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | परम्परागत (सिलाइ) | ३३ | ४९ | |
| २ | वैदेशिक रोजगार | १९ | २८ | |
| ३ | कृषि | ९ | १३ | |
| ४ | सिलाइ पसल -व्यावसायिक) | ७ | १० | |
| जम्मा | | ६८ | १०० | |

(स्रोत : घरधुरी सर्वेक्षण, २०५७)

माथिको पेशागत विवरणलाई अध्ययन गर्दा हंसपुर गा.वि.स. मा परियारहरू परम्परागत, वैदेशिक रोजगार, कृषि र सिलाई पसल गरी ४ प्रकारका पेशामा मात्र संलग्न रहेको पाइयो भने उल्लेखित पेशामा संलग्न हुनेको संख्या क्रमशः ३३ (४९%), १९ (२८%), ९ (१३%), ७(१०%) छ । समग्रमा भन्नुपर्दा झण्डै आधा परियारहरू परम्परागत पेशामा जीवन गुजारीरहेका छन् भने ७ जना (१०%) ले पेशालाई व्यवासायिकरण गरेका छन् ।

**तालिका ९ : हंसपुर गा.वि.स. का परियारहरूको अनुमानित आम्दानी विवरण**

| अनुमानित वार्षिक आम्दानी | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १००००-२०००० | १३ | ९ |
| ३००००-६०००० | १८ | २६ |
| ६००००-९०००० | २३ | ३४ |
| ९००००-१,२०००० | २ | २ |
| १२००० भन्दा माथि | १२ | १८ |
| जम्मा | ६८ | १०० |

(स्रोत : घरधुरी सर्वेक्षण, २०६७ )

माथिको तालिकालाई अध्ययन गर्दा सबैभन्दा बढी २३ (३३%) परिवारको आम्दानी आम्दानी ६० हजार देखि९० हजार सम्म रहेको देखिन्छ भने सबैभन्दा कम २ (३%) परिवारको आम्दानी ९० हजार देखि १ लाख २० हजारसम्म रहेको देखिन्छ । वार्षिक ६० हजार भन्दा कम आय हुने परिवार संख्या ३१ (४६%) छ । १२ (१८%) परिवारको आम्दानी १ लाख २० हजार भन्दा बढी छ । समग्रमा भन्नुपर्दा केही परिवारको आर्थिक अवस्था केही राम्रो देखिएता त्यस्तो परिवार संयुक्त र वृहत भएकोले औषत आम्दानीको स्वरुप एउटै हुन आउँछ, अतः अधिकांश परियारको आर्थिक अवस्था कमजोर नै देखिन्छ ।

परियारहरूको पेशा तथा आर्थिक अवस्थाले शैक्षिक पहुँचमा के कस्तो प्रभाव पारेको भन्ने कुराको पहिचानको लागि १० जना अगुवा व्यक्तिसँग गरिएको छलफलमा पेशागत तथा आर्थिक अवस्थाले शैक्षिक पहुँचमा प्रभाव पारेको बताए । छलफलमा सहभागि व्यक्तिका अनुसार परम्परागत पेशा प्रमुख पेशा भएको र परम्परादेखि नै जग्गा जमिनको अभाव रहेको बताए । छलफलमा सहभागी एकजना शिक्षक भन्दछन्-

“परम्परागत पेशा गर्ने परियारहरूमा आमा-बाबाले विष्टहरूको घर घरमा गइ कपडा सिलाउनुपर्छ, उनीहरू अधिकांश समय विष्टहको घरमा विताउनु पर्ने भएकोले छोराछोरीलाई पढाइमा भन्दा घरायसी कामकाजमा बढी लगाउँछन ।” यस्तै प्रकारले अगाडि भदछन् -

“परियारहरू विष्टहरूको घरबाट वाली उठाउने, कामगर्दाको दिन तथा मुख्य चाडवाडमा खर्चको रुपमा मानो-मुठी अन्न तथा तरकारी उठाउने प्रक्रियाबाट दैनिक हातमुख जोर्ने समस्या समाधान गर्छन, उनीहरू विष्टको घरमा शुभकार्य गर्दा वा अन्य कुनै तरिकाबाट थोरै धेरै नगद आम्दानी गरे पनि तत्काल फजुल खर्च गरेर सिध्याउने हुँदा सधैभरी आर्थिक अभाव देखिन्छ, आर्थिक अभावको कारण बालबालिकाको शिक्षादिक्षाको लागि उचीत प्रबन्ध मिलाउन सक्दैन ।”

अर्का एक जना शिक्षकका अनुसार पेशालाई आधुनिकीकरण गरी सिलाइ पसल राख्ने परियारले प्रशस्त आर्थिक आम्दानी गर्ने गरेको बताए ।

छलफलमा सहभागि एकजना व्यापारी भन्दछन् - “आर्थिक समस्या यहाँका परियारको प्रमुख समस्याको कारण यहाँका युवाहरू ऋण खोजेर आर्थिक लगानी गरी खाडी मुलुकहरूमा जाने क्रम चलेको छ ।”

परियारहरूको पेशाप्रतिको सन्तुष्टि वा असन्तुष्टि पहिचान गर्न गरिएको सर्वेक्षणमा परम्परागत पेशामा सन्तुष्ट हुनेहहरू आफ्ना पुर्खाको पेशा भएकोले आफू यसैमा रमाएको जवाफ पाइन्थ्यो भने उक्त पेशामा असन्तुष्ट हुनेहरू जमाना अनुसार नगद आम्दानी नहुँदा समस्या पर्ने गरेको जवाफ  पाइन्थ्यो । वैदेशिक रोजगारमा जाने कतिपय परिवारमा थुप्रै ऋण लगाएर विदेशतीर गए पनि सोचअनुसारको आम्दानी नहुँदा ऋण तिर्न नसकेको गुनासो सुनिन्थ्यो । कतिपय परिवारमा नेपालमा काम गर्ने कुनै विकल्पन नदेखेपछी विदेशीनु वाध्यता भएको जवाफ पाइन्थ्यो ।

सारांशमा भन्नुपर्दा हंसपुर गा.वि.स. का परियारहरूको पेशागत तथा आर्थिक अवस्था र उक्त अवस्थाप्रति विभिन्न व्यक्तिहरूबाट आएका विचारहरूलाई मूल्याङ्कन गर्दा परियारहरूको शैक्षिक पहुँचमा पेशागत र आर्थिक अवस्थाको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव परेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ५.६ वैदेशिक रोजगारमा जानेको विवरण

घरधुरी सर्वेक्षण क्रममा घरमुलीसँग गरिएको अन्तरवार्ताको क्रममा वैदेशिक रोजगारमा जानेको विवरण लिइएको थियो । अध्ययनको क्रममा हंसपुर गा.वि.स भित्र रहेका कुल ६८ घर परियारमध्ये ४७ घर परियारबाट रोजगारको लागि विदेशतिर गएको पाइयो । वैदेशिक रोजगारमा जाने १५ देखि ४५ वर्ष सम्मका पुरुषहरू मात्र रहेको पाइयो । रोजगारमा जानेको शैक्षिक योग्यता कक्षा ३ उत्तीर्ण देखि एस.एल.सी. पास सम्म रहेको पाइयो । परिवारमा १ देखि ४ जना सदस्यहरूसम्म वैदेशिक रोजगारमा गएको भेटियो । वैदेशिक रोजगारमा जानेमध्ये कति कति जना कुन कुन देशमा गएका छन् भन्ने कुरा तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १० : हंसपुर गा.वि.स. बाट बैदेशिक रोजगारमा जाने परियारहरूको विवरण**

| क्र.सं. | वैदेशिक रोजगारमा गएको देश | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भारत | ३६ | ५३ |
| २ | दुवइ | २ | १८ |
| ३ | मलेसिया | ८ | २२ |
| ४ | साउदी अरव | ७ | १० |
| ५ | कतार | ५ | ७ |
| **जम्मा** | | ६८ | १०० |

(स्रोत : घरधुरी सर्वेक्षण, २०६७)

माथिको तालिकालाई अध्ययन गर्दा हंसपुर गा.वि.स.मा वैदेशिक रोजगारमा जाने परियारको संख्या ६८ छ, जुन १५ वर्ष भन्दा माथिका १४१ पुरुषको ४८ प्रतिशत हुँन आउँछ । वैदेशिक रोजगारमा जानेमध्ये सबैभन्दा बढी ३६ (५३%) जना भारतमा गएका छन् भने बाँकी ३२ (४७%) जना खाडी मुलुकमा गएको पाइयो । वैदेशिक रोजगारमा जानेमध्ये सबैभन्दा कम ५ (७%) जना कतार गएको पाइयो ।

यसप्रकार माथिको नतिजालाई विश्लेषण गर्दा हंसपुर गा.वि.स. का परियार जातिमा वैदेशिक रोजगारमा जाने प्रचलन अधिक मात्रामा रहेको पाइयो । विभिन्न व्यक्तिसँग गरिएको छलफलको आधारमा शैक्षिक क्षेत्रमा यसको प्रभाव रहेको पाइयो ।

### ५.७ तहगत शैक्षिक अवस्था

हंसपुर गा.वि.स भित्र रहेका ५ वर्ष भन्दा माथिल्लो उमेरका सम्पूर्ण परियारहरूको तहगत संख्यात्मक शैक्षिक अवस्थालाई निम्नानुसार तालिकामा प्रस्तुतग गरिएको छ ।

**तालिका ११ : हंसपुर गा.वि.स.का परियारहरूको शैक्षिक अवस्था**

| **शैक्षिक विवरण** | **लिङ्ग** (C) | **महिला** (C) | **पुरुष** (C) | **जम्मा** (C) |
|---|---|---|---|---|
| निरक्षर | (R) | (३२) ५८(७७) | (१८) १७(२३) | (१९) ७५(१००) |
| सामान्य लेखपढ गर्ने | (R) | (४१) ७५(४२) | (५२) १०५(५८) | (४७) १८०(१००) |
| कक्षा ५ उत्तीर्ण गर्ने | (R) | (१७) ३१(३७) | (२६) ५३(६३) | (२२) ८४(१००) |
| कक्षा ८ उत्तीर्ण गर्ने | (R) | (५) १०(४०) | (७) १५(६०) | (६) २५(१००) |
| टेष्ट पास गर्ने | (R) | (१) २(३३) | (२) ४(६७) | (२) ६(१००) |
| एस.एल.सी. | (R) | (२) ४(३६) | (४) ७(६४) | (३) ११(१००) |
| प्रमाण पत्र तह पुरा गर्ने | (R) | (२) ४(८०) | (१) १(२०) | (१) ५(१००) |
| **जम्मा** | (R) | (१००) १८४(४७) | (१००) २०२(५३) | (१००) ३८६(१००) |

(स्रोत : घरधुरी सर्वेक्षण, २०६७)

((C) = लहर (Column) प्रतिशत, (R) = पङ्क्ति (Row) प्रतिशत)

माथिको तालिकालाई अध्ययन गर्दा जम्मा १८४ महिलामध्ये ५८ जना (३२%) महिला निरक्षर छन् भने कुल २०२ पुरुषमध्ये १७ जना (१८%) पुरुष निरक्षर छन् । यसप्रकार पुरुषभन्दा२४ प्रतिशत बढी महिला निरक्षर छ । ५ वर्ष भन्दा माथिको कुल जनसंख्यालाई हेर्दा १९ प्रतिशत परियार अझै पनि निरक्षर छन् । निरक्षरहरूको संख्यालाई मात्र हेर्दा ७७% महिला र २३% पुरुष छन् ।

सामान्य लेखपढ गर्ने जनसंख्या १८० (४७%) छ । सामान्य लेखपढ गर्ने छात्र कुल छात्राको ४१ प्रतिशत छन् भने पुरुष कुल पुरुषको ५२ प्रतिशत छन् । समग्रमा ४७ प्रतिशत जनसंख्या सामान्य लेखपढ गर्न सक्ने मात्र छ ।

प्राथमिक तह पुरा गर्ने संख्या ८४ (२२%) छ । प्राथमिक तह पुरा गर्ने संख्यालाई मात्र हेर्दा महिला ३७ प्रतिशत र पुरुष ६३ प्रतिशत छन् भने उता कुल महिलामध्ये १७ प्रतिशतले मात्र प्राथमिक तह पुरा गरेका छन् ।

निम्नमाध्यमिक तह पुरा गर्नेको शैक्षिक स्थितिलाई हेर्दा १० जना महिला र १५ जना पुरुष गरी कुल २५ जना (७%) ले मात्र निम्माध्यमिक तह पुरा गरेका छन् ।

टेष्ट पास गर्ने महिला २ र पुरुष ४ जना गरी ६ जना (२%) मात्र छन् । एस.एल.सी. पास गर्ने महिला ४ पुरुष ७ गरी जम्मा ११ जना छन् । यो संख्या कुल संख्याको ३ प्रतिशतमात्र हुन आउँछ । आइ.ए. वा प्रमाणपत्र तह पुरा गर्ने ४ जना महिला र १ जना पुरुष गरी ५ जना (१%) छन् ।

सारांशमा हंसपुर गा.वि.स का सम्पूर्ण परियारको शैक्षिक अवस्थालाई हेर्दा शैक्षिक अवस्था कमजोर नै रहेको पाइयो । १९ प्रतिशत जनसंख्या अझै पनि निरक्षर रहेको पाइयो । घरधुरी सर्वेक्षणको क्रममा १५ वर्ष माथिका ७५ जना निरक्षरहरू कहिल्यै पनि विद्यालय नगएको तथा अनौपचारिक शिक्षामा पनि समावेश नभएको देखियो । साक्षरहरूको शैक्षिक अवस्थालाई हेर्दा पनि सामान्य लेखपढ गर्नेको संख्या सबैभन्दा बढी र त्यसपछि तहअनुसार साक्षरता प्रतिशत क्रमशः घट्दै गएको पाइयो । महिला र पुरुषको साक्षरतालाई तुलना गर्दा महिलाभन्दा पुरुष बढी साक्षर भएको पाइयो । प्रमाणपत्र तहभन्दा माथिल्लो तहमा परियारहरूको शैक्षिक पहुँच शून्य नै देखियो ।

## ५.८ उमेर समूह अनुसार विद्यालय जाने र नजाने बालबालिकाहरू

सामान्यतया वर्तमान औपचारिक शिक्षा प्रणाली अनुसार ५-१५ वर्ष भित्रको उमेरलाई माध्यमिक विद्यालय सम्मको उमेर भनिन्छ । यसै अनुरुप कुनै बालबालिका १ कक्षामा भर्ना हुनको लागि ५ वर्ष हुनुपर्ने र एस.एल.सी. परीक्षा दिनको लागि १४ वर्ष उमेर पुरा भएको हुनुपर्ने मान्यता छ । यसप्रकार ५-९ वर्ष सम्मको उमेरलाई प्राथमिक तहको उमेर, १०-१२ वर्ष सम्मको उमेरलाई निम्नमाध्यमिक तहको उमेर र १३-१४ वर्षसम्मको उमेरलाई माध्यमिक तहको उमेर मानिन्छ ।

यस अध्ययनमा हंसपुर गा.वि.सका परियार जातिमा विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना छन् वा छैनन् ? भर्ना भएका मध्ये उमेर समूह अनुसार भर्ना भएका छन् वा छैनन् जस्ता प्रश्नको उत्तर खोजी गर्ने उद्देश्य लिइएको हुँदा घरधुरी सर्वेक्षण गरी विद्यालय जाने र नजाने बालबालिकाको संख्यात्मक विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १२ : उमेर समूह अनुसार विद्यालय जाने र नजाने बालबालिकाको संख्यात्मक अवस्था**

| उमेर समूह अनुसार बालबालिकाको संख्या | | | | विद्यालय जाने बालबालिका | | | | | | विद्यालय नजाने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रा.वि | नि. मा.वि. | मा.वि. | प्रा.वि | | नि.मा.वि. | | मा.वि. | | |
| लिङ्ग | ५-९ वर्ष | १०-१२ वर्ष | १३-१४ वर्ष | ५-९ वर्ष | ९ वर्ष भन्दा बढी | १०-१२ वर्ष | १२ वर्ष भन्दा बढी | १३-१४ वर्ष | १४ वर्ष भन्दा बढी | ५-१५ वर्ष भित्र |
| छात्रा | २७ | १८ | १२ | २७ | २६ | - | ८ | - | ४ | २ |
| छात्र | २७ | २१ | १३ | २७ | २२ | ३ | ८ | - | ३ | ४ |
| जम्मा | ५४ | ३९ | २५ | ५४ | ४८ | ३ | १६ | - | ७ | ६ |

(स्रोत : घरधुरी सर्वेक्षण, २०६७)

माथिको तालिका अध्ययन गर्दा प्राथमिक उमेर समूहमा कुल ५४ जना बालबालिका रहेकोमा शतप्रतिशत बालबालिका प्राथमिक तहमा भर्ना भएको देखिन्छ । प्राथमिक तहमा उमेर समूहभन्दा माथिल्लो उमेरका ४८ जना बालबालिका भर्ना भएका छन् । निम्न माध्यमिक उमेर समूहमा रहेका ३९ बालबालिका मध्ये ३(८%) जना बालबालिकामात्र भर्ना भएका छन् । निम्नमाध्यमिक तहमा उमेर समूहभन्दा माथिल्लो उमेरका १६ जना बालबालिका भर्ना भएका छन् । माध्यमिक तहमा उमेर समूह अनुसार भर्ना हुने बालबालिकाको संख्या शून्य छ, माथिल्लो उमेरका ७ जना बालबालिकाले मात्र माध्यमिक तहमा पठनपाठन गर्ने गरेको पाइयो ।

माथिको तालिकाको आधारमा विद्यालय उमेरका विद्यालय नजाने बालबालिकाको संख्या ६ (५%) छ ।

समग्रमा भन्नुपर्दा विद्यालय उमेरका प्रायः सबै जसो बालबालिका विद्यालय जाने गरेको पाइएता पनि उमेर समूह अनुसार भर्ना हुने बालबालिका अत्यन्त न्यून रहेको पाइयो । परियार समुदायभित्र माथिल्लो उमेर सम्मका बालबालिकाहरू प्राथमिक तहमै रहने गरेकोले निम्नमाध्यमिक र माध्यमिक तहको भर्नादर अत्यन्त न्यून छ । यसकुरालाई प्रष्ट पार्नको लागि बालबालिकाहरूको तहगत भर्नादरलाई प्रस्तुत गरिइको छ ।

**तालिका १३ : परियार जातिका बालबालिकाको तहगत भर्नादर**

| तह | सहजै देखिने | खुदभर्नादर | कैफियत |
|---|---|---|---|
| प्रा.वि. | १८९ | १०० | |
| नि.मा.वि. | ४९ | ८ | |
| मा.वि. | २८ | ० | |

(स्रोत : घरधुरी सर्वेक्षण, २०६७)

माथिको तालिकालाई अध्ययन गर्दा प्राथमिक तहमा उमेर समूहभन्दा माथिल्लो उमेरका बालबालिका भर्ना भएको देखिन्छ । धेरैजसो बालबालिका प्राथमिक तहमा भएको कारण निम्न माध्यमिक र माध्यमिक तहको सहजै देखिने भर्नादर पनि कम नै छन् । निम्न माध्यमिक तहको खुद भर्नादर ७ मात्र छ भने माध्यमिक तहको खुद भर्नादर शून्य नै छ । यसप्रकार तहगत भर्नादर यतिका धेरे अन्तर आउनुको पछाडि के के कारणहरू रहेका छन् भन्ने बारेमा अध्ययनका पछिल्ला शीर्षकहरूमा व्याख्या गरिएको छ ।

## ५.९ विद्यालय उमेरका बालबालिकाहरू विद्यालय जानुका कारणहरू

हंसपुर गा.वि.स.मा परियार समुदायभित्र गरिएको सर्वेक्षण अनुसार विद्यालय उमेरका ११८ जना बालबालिकामा ११२ जना बालबालिका विद्यालय जाने गरेको पाइयो । सामान्य रुपबाट हेर्दा १५ वर्ष उमेर भित्रका प्रायः सबै जसो बालबालिका प्राथमिक तहमा भएपनि भर्ना भएको तथ्यले परियार जातिमा पनि बालबालिकालाई विद्यालय पठाउनुपर्छ भन्ने धारणा विकास भएको कुरा आँकलन गर्न सकिन्छ ।

बालबालिकालाई विद्यालय पठाउनुको कारण पत्ता लगाउनको लागि घुरमूलीसँग गरिएको अन्तर्वार्ताको परिमाणालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १४ : बालबालिका विद्यालय पठाउनुका कारणहरू**

| कारणहरू | घरमुलीको संख्या | प्रतिशत |
|---|---|---|
| जुग जमानाले गर्दा पढाउनु पर्ने भएकोले | २० | ३८ |
| शिक्षित र आत्मनिर्भर बनाउन | १० | १९ |
| निरक्षर हुँदा समस्या भोगेकाले | १० | १९ |
| साक्षर बनाउन | ८ | १५ |
| अरुको देखेर | ५ | ९ |
| जम्मा | ५३ | १०० |

(स्रोत : घरमूलीसँगको अन्तर्वार्ता, २०६७)

माथिका तालिकाबाट अध्ययन गर्दा सबैभदा बढी २० (३८%) अभिभावकमा जुगजमानाले गर्दा आफ्ना छोराछोरीलाई पढाउनुपर्छ भन्ने धारणा रहेको कारण बालबालिकाहरू विद्यालय जाने गरेको पाइयो । त्यसैगरी सबैभन्दा कम ५ जना (९%) अभिभावकहरूले अरुको देखेर आफ्ना बालबालिका विद्यालय पठाउने गरेको पाइयो । १०जना (१९%) अभिभावकले आफ्ना छोराछोरी शिक्षित तथा आत्मनिर्भर बन्नलान भनेर विद्यालय पठाउने गरेको सुनाए, १० जना अभिभावलके आफू निरक्षर भइ विभिन्न ठाउँमा समस्या पर्दै आएको हुँदा छोराछोरलिाई विद्यालय पठाउने गरेको बताए भने ८ जना (१५%) अभिभावकमा आफ्ना छोराछोरीलाई साक्षर भए पनि बनाउने भन्ने धारणा रहेको पाइयो ।

विद्यालयमा बालबालिका पठाउनुको कारणको बारेमा अभिभावकले दिएको धारणालाई मूल्याङ्कन गर्दा परियारको शिक्षाप्रति धारणा केही सकारात्मक देखिएता पनि सम्पूर्ण रुपमा एकदमै निकट तथा बलियो धारण भने छैन ।

अन्तर्वार्ताको शिल-शिलामा एकजना अभिभावक भन्छन्- "जमानाले गर्दा विद्यालय त पठाउनै पर्यो तर खै हाम्रो जातमा पढेर त कसले पो के गरेको छ र ?"

अर्का एकजना अभिभावक भन्छन् - "साक्षर गराउन भए पनि विद्यालय त पठाउँनै पर्यो, जति पढाएपनि विदेशमा नगइ नेपालमा केही काम पाइने छैन ।"

अभिभावकका उल्लेखित भनाइलाई हेर्दा अभिभावकले आफ्ना बालबालिकालाई शैक्षिक सामग्रीको उपलब्धता गराउने, विद्यालयमा नियमित गराउने, घरमा लेखपढ गर्नको लागि प्रेरणा प्रदान गर्ने जस्ता कुराहरूमा त्यति महत्व नदिनाले बालबालिका विद्यालयमा भर्ना भए पनि शैक्षिक स्थिति कमजोर हुने देखिन्छ ।

अगुवा व्यक्तिसँग गरिएको छलफलको निष्कर्षअनुसार आर्थिक रुपमा सम्पन्न तथा केही शिक्षित परिवारका बालबालिका विद्यालयमा भर्ना भइ नियमित रुपमा विद्यालय जाने गरेको पाइयो भने कतिपय बालबालिकाहरू दलित छात्रवृत्ति पाइने लोभले मात्र विद्यालयमा भर्ना हुने तर त्यस्ता बालबालिका नियमित विद्यालय नआउने गरेको भनाइ सुनियो । यसै सन्दर्भमा छलफल सहभागी एकजना शिक्षक भन्छन् - "परियारहरू छात्रवृत्ति पाइने लोभले आफ्ना छोराछोरीहरू भर्नाको लागि भर्ना गर्दछन्, उनीहरू बालबालिकाहरूलाई नियमित रुपमा विद्यालय पठाउँदैनन् ।"

छलफलमा सहभागी एकजना व्यापारी भन्दछन् - "विदेशमा गएर पैसा कमाउन थालेका केही परियारहरूले छोराछोरीलाई वोर्डिङ समेत पढाउन थालेका छन् ।"

यस्तै गरी विद्यालयहरू पनि परियार समयुदाबाट नजिक - नजिक रहेको कारण पनि बालबालिकाहरू विद्यालय पठाउन सहयोग पुगेको कुरा एक सहभागिले उल्लेख गरे ।

सारांशमा विभिन्न व्यक्तिबाट प्राप्त सूचनालाई विश्लेषण गर्दा परियार समुदायभित्र विद्यालय उमेरका प्रांयः सबै बालबालिका विद्यालयमा भर्ना हुनुको पछाडि निम्नअनुसार कारण रहेको पाइयो ।

**तालिका १५ :बालबालिका विद्यालय जानुका कारणहरू**

- शतप्रतिशत परियारहरूमा साक्षरसम्म भए पनि बन्नुपर्छ भन्ने धारणाको विकास हुनु ।
- निरक्षर अभिभावकहरू व्यक्तिगत अनुवभवाट बालबालिका विद्यालय पठाउन प्रेरित हुनु ।
- गाउँ टोलमा अन्य सवै जातजातिका बालबालिका विद्यालय जानु ।
- विद्यालयमा थोरै भए पनि दलित छात्रवृत्ति आउनु
- गरीव परियारहरू वैदेशिक रोजगार तथा पेशागको व्यवसायीकरणबाट आर्थिक प्रगति गर्नु ।
- विद्यालयमा परियार समुदायबाट नजिक रहनु ।

## ५.१० बालबालिकाहरू बीचमा विद्यालय छोड्नु तथा विद्यालय नजानुका कारणहरू

### ५.१०.१ कक्षा छोड्नेको संख्यात्मक अवस्था

वर्तमान समयमा सामान्य रुपबाट हेर्दा परियार जातिमा विद्यालय उमेर (५-१५ वर्ष) का बालबालिकाहरूमा ६ जना (५%) बालबालिका मात्र विद्यालय नगएको देखिन्छ (तालिका १० बाट) । १५ वर्षभन्दा माथिल्लो उमेरको जनसंख्याको शैक्षिक अवस्थालाई हेर्दा अधिकांश बालबालिकाहरू प्राथमिक तहमै विद्यालय छाड्ने गरेको केहि निम्न माध्यमिक तहसम्म पुग्ने गरेको र अत्यान्त कम संख्यामात्र माध्यमिक तहसम्म पुगेको पाइन्छ । यस तथ्यलाई पुष्टी गर्नको लागि हालसम्म औपचारिक शिक्षामा प्रवेश गरेर कक्षा छाडेका संख्यालाई यहा प्रसतुत गरिएको छ ।

**तालिका १६ : कुल संख्यामा कक्षा छोडेका परियारहरूको संख्यात्मक विवरण**

| **छोडेको कक्षा** | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **विद्यालय छोड्न संख्या (प्रतिशत)** | ७ (५) | १२ (८) | ११ (७) | ४० (२६) | २६ (१८) | १८ (१२) | १९ (१६) | ९ (६) | ६ (४) | १४८ (१००) |

(स्रोत : घरधुरी सर्वेक्षण, २०६७)

माथिको तालिकालाई अध्ययन गर्दा परियारहरू औपचारिक शिक्षा भर्ना भए पनि २ कक्षादेखि नै कक्षा छोड्ने गरेको देखियो । कक्षा छोड्ने मध्य सबैभन्दा बढी कक्षा ५ मा ४० जना (२७%) रहेको देखियो भने सबैभन्दाकम ६ (४%) जनाले कक्षा १० मा छोडेको देखियो । समग्रमा भन्नुपर्दा कक्षा छोड्ने मध्य ४७ प्रतिशतले प्राथमिक तह, ४३ प्रतिशतले निम्नमाध्यमिक तह र बाँकी १० प्रतिशतले माध्यमिक तहमा कक्षा छाड्ने गरेको देखियो ।

विद्यालयमा भर्ना भएका बालबालिकाको तत्कालीन शैक्षिक अवस्थालाई हेर्दा पनि बालबालिकाहरू उमेर समूहअनुसार सम्बन्धित तहमा भर्ना नहुनु, प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाको संख्या सबैभन्दा बढी हुनुको साथै निम्न माध्यमिक र माध्यमिक तहमा अध्ययन

गर्ने छात्र-छात्राको संख्या कम हुँदै जानुले ड्रप आउट (Droup Out) एउटा प्रमुख समस्या हो भन्ने कुरा प्रष्ट छ ।

### ५.१०.२ बीचमा विद्यालय छोड्नुका कारणहरू

घुरधुरी सर्वेक्षण, घरमुलीसँग गरिएको अन्तर्वार्ता, अगुवा व्यक्ति तथा विद्यालय नजाने बालबालिकासँग गरिएको लक्षित समूह छलफल जस्ता प्रक्रियाबाट प्राप्त विभिन्न सूचना अनुसार परियार समुदायका बालबालिकाले विचमा पढाइ छोडनुको कारणहरूलाई बुँदागत रुपमा गुणात्मक विश्लेषण गरिएको छ ।

**तालिका १७ : पढाइ छोड्नुका कारणहरू**

| | |
|---|---|
| (क) आर्थिक अभाव | (ख) शिक्षाप्रति अस्पष्ट दृष्टिकोण |
| (ग) परम्परागत पेशा | (घ) अगुवा गने परियार नहुनु |
| (ङ) वैदेशिक रोजगारमा आकर्षित हुनु | |
| (च) वंशानुक्रम, वातावरण र सांस्कृतिकसंरचनाको प्रभाव | |
| (छ) विद्यालयहरूमा सहज सिकाइको वातावरण नहुनु | |
| (ज) अव्यवहारिक शिक्षा | |

**(क) आर्थिक अभाव (गरीबि)**

घरधुरी सर्वेक्षणको क्रममा निकालिएको आम्दानी विवरणलाई हेर्दा अधिकांश (९०%) परियारहरूको आर्थिक अवस्था कमजोर भएको देखिछ । अन्तर्वार्ताको क्रममा गरीबीको कारण आफ्ना छोराछोरीलाई धेरै कक्षासम्म पढाउन नसक्ने कुरा अभिभावकले वताए २ जना अभिभावक घरमा थुप्रै ऋण लागे पछि छोरालाई पढाइ छोडाएर विदेशतिर पठाएको कुरा बताए ।

आर्थिक अवस्था र शैक्षिक स्थितिको बारेमा तुलना गर्दा जुन परिवारको आर्थिक अवस्था राम्रो छ त्यस्तो परिवारमा शैक्षिक स्थिति पनि केही राम्रो भएको कुरा अधययनमा देखिएको छ । उदाहरणको लागि :

“हंसपुर गा.वि. वाड नं. २ मा रहेका २ ओटा वृहत परिवारमा एस.एल.सी. र आइ..ए. पास गर्ने सदस्य भेटिए, उक्त परिवारको पारिवारिक पृष्ठभूमिलाई हेर्दा वावु इण्डीयन प्रहरीबाट पेन्सन निस्कीएको पाइयो, छोराले पढेको कारण वुहारी पनि पढेकै आएको पाइयो, साथै उक्त परिवारमा नाति-नातिना पनि बोर्डिङ स्कुलमा जाने गरेको पाइयो ।”

यसरी विभिन्न सूचनालाई हेर्दा आर्थिक समस्याका कारण पनि बालबालिका बीचमा विद्यालय छोडेको देखियो ।

### (ख) शिक्षाप्रति अस्पष्ट दृष्टिकोण

परियार जातिका कतिपय अभिभावक तथा बालबालिकामा शिक्षाप्रति अस्पष्ट दृष्टिकोण भएको कारणले पनि बालबालिकाहरू बीचमा पढाइ छोड्ने गरेको पाइयो । एकजना अभिभावक भन्दछन् "मैले त छोरालाई पढाउने नै भनेको थिए, छोरा आफै पढ्न छोडेर इण्डियातिर गएको छ ।"

अभिभावकका छोराछोरीलाई राम्रोसँग पढाउनु पर्छ भन्ने धारणाको विकास नहुनु साथै बालबालिका पढ्नुपर्छ पढेपछि केही गर्न सकिन्छ भन्ने धारणाको विकास नहुनुको कारण बालबालिकाहरू बीचमा पढाइ छोड्ने गरेको पाइयो ।

### (ग) परम्परागत पेशा

"परम्परागत पेशामा लाग्ने परिवारको एकातिर आर्थिक अवस्था कमजोर हुने अर्कोतिर बाबु-आमाले अधिकांश समय विष्टहरूको घरमा विताउने हुनाले आफ्ना बालबालिकाको पूर्ण रेखदेख नहुने कतिपय बालबालिका साथिसँग खेलेर समय विताउने, कुनैलाई घरमा पालो गरेर विद्यालय जानु पर्ने वाध्यता हुन्छ, नियमित विद्यालय नजाने बालबालिका पढाइमा कमजोर हुन्छन् । उनीहरू पढाइमा अनुत्तीर्ण हुन्छन, करिव १४-१५ वर्षको भए पछि पढाइ छोड्छन्" - शिक्षक

यसप्रकार परम्परागत पेशा गर्ने परियारहरू आफ्ना बालबालिकाको पढाइको लागि उपयुक्त वातावरण मिलाउनु नसक्नुको कारणले पनि केही बालबालिका बीचमा पढाइ छोड्ने गरेको पाइयो ।

### (घ) अगुवा गर्ने परियार नहुनु

अध्ययनको क्रममा हंसपुर गा.वि.स. भरिका परियार जातिमा एक जना सदस्य पनि कुनै पनि प्रकारको सरकारी सेवामा प्रवेश गरेको पाइएन । जसको कारण पनि बालबालिकाहरूमा पढ्नको लागि प्रेरणा र हौसला मिल्न सकेन । परियार अभिभावकमा पनि हाम्रो जातमा पढेर पो कसले के गरेको छ र भन्ने खालका निराशा बादी धारणाको विकास भएका देखियो ।

यसप्रकार बालबालिकाहरू पठनपाठनको लागि प्रेरणा र सहयोग नपाउँदा बीचमै पढाइ छोडी विभिन्न पेशामा संलग्न रहन थाले ।

### (ङ) वैदेशिक रोजगारमा आकर्षित हुनु

हंसपुर गा.वि.स. भित्र १५ वर्ष माथिका ४८ प्रतिशत पुरुष विदेशमा गएको तथ्याङ्कले युवा विदेशतीर जान बढी आकर्षिक भएको पाइन्छ । एक जना युवक साउदी अरव गएर राम्रो आम्दानी गरेको देखेपछि परियार जातिका युवाहरू विदेशतीर जाने लहरै चलेको कुरा त्यहाँका

एकजना स्थानीय व्यापारी बताउँछन् । परियार जातिका युवाहरू करिब १३-१४ वर्षका भए पछि आफू जुन तहमा पढ्दै भए पनि पढाइलाई छोडेर विदेशतिर जान लालाहित हुने कुरा उनी बताउँछन् । अभिभावकहरू विद्यालय छोडी विदेश जानुको कारण, आर्थिक समस्या र नेपालमा काम गर्ने अवसर नभएको कुरा बताउँछन् ।

**(च) वंशानुक्रम, वातावरण र सांस्कृतिक संरचनाको प्रभाव**

परियार समुदायको नजिकै रहेर उनीहरूको वानीव्यवहार चालचलनको वारेमा नियालीरहेका अगुवा व्यक्तिसँग गरिएको छलफलमा वातावरण र सांस्कृतिक संरचनाको प्रभाव रहेको पाइयो । छलफलमा सहभागि एकजना शिक्षक भन्दछन् - "परियारहरूमा पुर्ख्यौली पेशा, परम्परागत चिन्तन र सांस्कृतिक संरचना जस्ता कुराले परियारहरू शिक्षा क्षेत्रमा पछि छन् ।" स्वाभिमानी प्रवृत्तिको विकास हुन सकेको छैन । विष्टहरूको घर-घर चाहारी जसरी तसरी उठाएको पैसालाई मदिरापान र मासुजन्य पदार्थमा फजुल गर्ने बानीको कारण सधैंभरी आर्थिक अभाव हुने र आर्थिक अभावको वाहानामा केटा-केटीको शिक्षा-दिक्षामा उचित प्रबन्ध मिलाउन नसक्दा बालबालिका नियमित विद्यालय नजाने तथा कक्षा छोड्ने समस्या देखिन्छ ।

**(छ) विद्यालयहरूमा सहज सिकाइको वातावरण नहुनु**

वर्तमान समयमा समावेशी शिक्षाको अवधारणालाई अगाडि ल्याइएको छ । भिन्नाभिन्नै रहन-सहन र संस्कृतिबाट आएका बालबालिकालाई एकै ठाउँमा राखेर एकै प्रकारको पाठ्यक्रम अनुसार शिक्षण गर्दा दलित तथा पिछडिएका जातजातिका बालबालिकाहरू शिक्षामा समान सहभागिता जनाउँन सक्दैनन्, उनीहरूको लागि छुट्टै विशेष व्यवस्था हुनुपर्छ, अध्ययन क्षेत्रमा त्यस्तो कुनै व्यवस्था नभएको कारण परियार जातिका बालबालिकाहरू बीचमा विद्यालय छोड्छन् ।

**(ज) अव्यवहापिरक शिक्षा**

विभिन्न व्यक्तिसँग गरिएको छलफलको निष्कर्ष अनुसार विचमा विद्यालय छोड्नुको एउटा कारण अव्यवहारिक शिक्षा प्रणाली पनि हो । व्यवहारिक र प्रयोगात्मक शिक्षा तत्काल प्रयोगमा ल्याइ आर्थिक आयआर्जन गर्न सकिन्छ । परियारहरू गरीब भएको कारण तत्काल प्रतिफलको अपेक्षा गर्ने गरेको तर वर्तमान शिक्षाप्रणालीमा त्यस्तो व्यवस्था नहुँदा पढाइप्रति आकर्षित नभइ बीचमै पढाइ छोड्ने गरेको देखियो ।

## ५.११ परियारहरूको शैक्षिक पहुँच बढाउने उपायहरू

अध्ययनको क्रममा परियारहरूको शैक्षिक सहभागिताको लागि बाधक देखिएका तत्वहरूलाई हटाउन र बालबालिकाहरू विद्यालयमा गइ सहज रुपमा शिक्षा प्राप्त गर्ने बनाउन

अपनाउनु पर्ने उपायहरूको बारेमा अन्तरवार्ता र छलफलबाट आएका विचारहरूलाई उल्लेख गरिएको छ ।

**तालिका १८ : शैक्षिक पहुँच बढाउने उपायहरू**

| | |
|---|---|
| (क) चेतनामूलक कार्यक्रम | (ख) निरक्षरता उन्मुलन |
| (ग) सामाजिक विकृतिको अन्त्य | (घ) वचत गर्ने बानीको विकास |
| (ङ) पेशामा आधुनिकिकरण | (च) आयआर्जन मूलक तालिम |
| (छ) बैदेशिक रोजगारमा जाने प्रवृत्तिको अन्त्य | (ज) परियारहरूलाई सेवा क्षेत्रमा प्रवेश गराउने |
| (झ) विद्यालयमा आकर्षित कार्यक्रम | (ञ) परियारहरूको लागि छुट्टै विद्यालय |

**(क) चेतनामूलक कार्यक्रम**

परम्परागत शैलीमा जीवन गुजारीरहेका परियारहरूमा चेतनाको पूर्ण विकास भइनसकेको कारण परियारहरूलाई सचेतीकरण गर्नुपर्ने धारणा अन्तर्वार्ता र छलफलबाट पाइयो । परियारहरूको सचेतीकरणको लागि निम्न प्रकृतिका चेनामूलक कार्यक्रम संचालन गर्नुपर्ने सुझाव दिएका छन् ।

- परियार समुदयका अभिभावक तथा बालबालिकालाई लक्षित गरेर विभिन्न सभा, सेमिनार र गोष्ठीको आयोजना गरी शिक्षाको महत्वको बारेमा छलफल गर्ने ।
- जातिय तथा लैङ्गिक विभेद विरुद्ध सशक्तिकरण अभियान संचालन गर्ने ।
- दलित जातिलाई विशेष चेतनामूलक कार्यक्रम प्रदान गर्न गा.वि.स. बाट उचीत बजेट छुट्टाइ कार्यक्रमको प्रबन्ध मिलाउने ।
- विद्यालयमा बालबालिका पठाउने सबै अभिभावकलाई त्रैमासिक रुपमा भेला गराइ प्रशिक्षण दिने तथा बालबालिकाको शैक्षिक अवस्थाको बारेमा जानकारी गराउने ।
- दलित जातिबाट माथिल्लो ओहोदामा पुगेका व्यक्तिहरूको उदाहरण दिइ पढन् र पढाउन प्रोत्साहित गर्ने ।

**(ख) निरक्षरता उन्मुलन**

हंसपुर गा.वि.स. का परियारहरूको जनसंख्यालाई हेर्दा १९ प्रतिशत परियार निरक्षर रहेको पाइयो । निरक्षर अभिभावकमा छोराछोरीलाई पढाउनुपर्छ शिक्षित बनाउनुपर्छ भन्ने विश्वासपूर्ण भावना विकास हुन नसकेको पाइयो । कतिपय निरक्षर अभिभावकहरू आफ्ना व्यक्तिगत भोगाइ र अनुभवबाट छोराछोरीलाई पढाउनुपर्छ भन्ने मानसिकताका साथ विद्यालय पठाउने गरेको पाइयो । तर निरक्षर अभिभावकहरू आफ्ना बालबालिकावको पढाइसम्बन्धी सामान्य गतिविधिको बारेमा पनि बुझ्न गाह्रो पर्ने हुनाले अभिभावकले छोरा छोरिको

पढाइसम्बन्धी गतिविधिमा ध्यान नदिने, घरपरिवारबाट पढाइसम्बन्धी सामान्य कुरामा पनि सहयोग नहुने जस्ता कारणहरूबाट बालबालिकाहरू पढाइमा कमजोर हुने, पढ्न मन नगर्ने, कक्षा छोड्ने जस्ता समस्याहरू आउँने देखिन्छ । त्यसैले निरक्षरहरूको लागि प्रौढ शिक्षा, साक्षरता शिक्षामा सहभागि गराएर निरक्षरता उन्मुलन गर्नुपर्छ ।

**(ग) सामाजिक विकृतिलाई निरुत्साहित गर्नुपर्ने**

अगुवा व्यक्तिसँग गरिएको छलफलको निष्कर्ष अनुसार हंसपुर गा.वि.स.का परियारहरूमा जाँड रक्सी अधिक सेवन गर्ने, तास खेल्ने, बालविवाह गर्ने बेरोजगार युवाहरू चौवाटोमा वसेर क्यारेमवोर्ड, खोपी, जुवा आदि खेलेर समय विताउने जस्ता सामाजिक विकृति रहेको र त्यस्ता विकृतिको प्रभाव अन्य बालबालिकामा पनि पर्न सक्ने बताए । परियार समुदाय भित्रकै एकजना शिक्षित महिला भन्छिन् -

"हाम्रो समाजमा थुप्रै सामाजिक विकृति आएका छन्, मलाइ त कतै मेरा छोराहरू पनि विग्रने हैनन् भन्ने डर लागिरहेको छ ।"

उनले सामाजिक विकृतिलाई निरुत्साहित गर्नुपर्ने सुझाव दिन्छिन् ।

विभिन्न व्यक्तिहरूले सामाजिक विकृतिलाई निरुत्साहित गर्न अपनाउनुपर्ने उपायहरूको वारेमा निम्न प्रकारका सुझावहरू दिएका छन् ।

- विभिन्न संघसंस्थाले सामाजिक विकृतिविरुद्ध सचेतना कार्यक्रम संचालन गर्नुपर्ने
- सामाजिक विकृति फैलाउनेलाई समाजमा कार्वाही गर्ने
- विभिन्न महिला समूह तथा आमा समूह निर्माण गरी सामाजिक विकृति फैलाउनेको घर-घरमा गइ सेचत गराउने ।
- वेरोजगार युवाहरूलाई विभिन्न प्रकारका सिपमूलक तालिम दिई काममा लगाउने ।

**(घ) वचत गर्ने बानीको विकास**

बालबालिकाले पढाइ छोड्नुको कारण सोध्दा करिव ९० प्रतिशत अभिभावकहरू आर्थिक कारण बताउने गरेको पाइयो । अगुवा व्यक्तिसँग गरिएको छलफलमा परम्परागत पेशाबाट प्रशस्त नगद आम्दानी नहुने भए पनि परियारहरू विभिन्न तरिकाले थोरै धेरै नगद आम्दानी गर्ने त्यसरी गरेको आम्दानीलाई तत्काल फजुल खर्च गरेर सिध्याउने प्रवृत्ति रहेको भन्ने भनाइ सुनियो । यस्तो प्रवृत्तिले गर्दा परियारहरूमा सधै आर्थिक अभाव भइरहने हुनाले छोरा छोरीको पठनपाठनको लागि आवश्यक शैक्षिक सामग्री, ड्रेस लगाएतका वस्तुहरू जुटाइदिन नसकेको भनाइ पाइयो ।

त्यसैले परियारहरूलाई विभिन्न शहकारी संस्था, आमा समूह आदिले थोरै भए पनि वचत गर्न प्रेरित गर्नुपर्छ भन्ने भनाइ पाइयो ।

### (ङ) परम्परागत पेशामा आधुनिकरण

परियारहरूको पेशागत आधारमा शैक्षिक स्थितिको कुरा गर्दा पुर्ख्यौली पेशाभन्दा अन्य पेशामा लाग्ने अभिभावकका छोराछोरी केही बढी शिक्षित भएको पाइयो । छलफलमा सहभागी एकजना शिक्षकका अनुसार परम्परागत पेशामा लाग्ने परियारमा आमा-बाबुले अधिकांश समय विष्टहरूको घरमा विताउने हुनाले, बालबालिकाहरू घरको रेख-देख गर्नुपर्ने घरमा भाइवैनि हेर्नुपर्ने जस्ता कारणहरूबाट बालबालिका नियमित विद्यालय जान नपाउने साथै विद्यालय जाने बालबालिका पनि अभिभावकको रेखदेखबाट बाहिर हुने गरेको पाइन्छन् । परियारहरूको यसप्रकारको समस्यालाई समाधान गर्न परियारहरू सिप सिकेर निश्चित ज्याला लिने परिपाटी मिलाइ घरमै बसेर कपडा सिलाउँने गर्नाले उनीहरूको आर्थिक समस्या पनि समाधान हुने तथा बालबालिकाहरूलाई पनि नियमित विद्यालय पठाउन सकिने हुन्छ ।

### (च) आयआर्जनमूलक तालिम

हंसपुर गा.वि.स. का परियारहरूको आर्थिक अवस्थालाई विश्लेषण गर्दा परियारहरूको आर्थिक अवस्था कमजोर भएको निष्कर्ष निकालियो । कृषि पेशामा लाग्ने परियारहरूले पनि जग्गा जमिनको अभाव भएको गुनासो सुनाए । त्यसैले परियारहरूको आर्थिक अवस्था बलियो र मजवुत बनाउनको लागि काम नपाएका युवा तथा वयस्कहरूलाई इच्छा अनुसार सरकारबाट निःशुल्क रुपमा आयमूलक तालिमको व्यवस्था मिलाइनुपर्ने कुरा विभिन्न व्यक्तिहरूले बताए । परिवारको आर्थिक अवस्था जवसम्म मजवुत र बलियो बन्दैन तवसम्म उनीहरको शैक्षिक क्षेत्रमा उचित लगानी गर्न सक्दैनन् । माक्सको सिद्धान्त अनुसार पनि व्यक्तिको विकासका लागि आर्थिक संरचना परिवर्तन गरिनु पर्छ ।

### (छ) वैदेशिक रोजगारमा जाने प्रवृतिको अन्त्य

हंसपुर गा.वि.स. भित्रका १५ वर्ष माथिका परियार पुरुषको संख्यालाई हेर्दा झण्डै आधा (४८%) पुरुष कामको शिलशिलामा विदेश तिर गएको पाइयो । विदेशतिर जाने परियारको शैक्षिक योग्यता कक्षा ३ पास देखि एस.एल.सी. सम्म रहेको कुरा अध्ययनले देखायो । वर्तमान समयमा पनि पुरुषहरू १४/१५ वर्ष उमेर हुनासाथ आफ्नो पढाइलाई यथास्थानमा छोडेर विदेशतिर लाग्ने गरेको पाइयो । अभिभावकहरू आर्थिक समस्याको कारण नेपालमा काम गर्ने अवसर नपाए पछि विदेशिनु वाध्यता भएको बताए । वैदेशिक रोजगारमा जाने प्रवृत्तिको अन्त्यको लागि निम्न उपाय अपनाउनु पर्ने कुराहरू बताए ।

- वेरोजगार युवाहरूलाई रोजगारको व्यवस्था गर्नुपर्ने ।

- युवाहरूलाई इच्छाअनुसार स्वरोजगारमूलक तालिम दिनुपर्ने ।
- सरकारबाट गरीव र दलितहरूको लागि विशेष कार्यक्रम ल्याइ गरीबी निवारण गर्नुपर्ने ।
- नेपालमै क्षमता र योग्यताअनुसार रोजगारकाअवसरहरू सृजना गरिनुपर्ने ।
- गरीब परिवारको लागि शिक्षा-दिक्षाको सम्पूर्ण व्यवथा सरकारबाट गरिनुपर्ने ।
- आवश्यकतामुखी शिक्षा दिई पढेपछि जागिरको ग्यारेन्टी हुनुपर्ने ।
- दलित र गरीव परिवारको मूल्याङ्कन गरी सरकारबाट उचित प्रकारको आर्थिक सहयोग हुनुपर्ने ।
- विद्यालयमा शीपमूलक शिक्षा दिनुपर्ने ।

**(ज) दलित छात्र वृत्तिको विशेष व्यवस्था**

घरमूली सँग गरिएको सर्वेक्षण अनुसार हाल सरकारी विद्यालयमा जाने प्रत्यक दलित बालबालिकाहरूले समानुपातिक रुपमा वार्षिक रु ३००/४०० छात्रवृत्ति पाउने गरेको देखियो । अगुवा व्यक्तिसँग गरिएको छलफलबाट यसरी बाँडिने छात्रवृत्तिले विद्यार्थी भर्नामा केही फरक ल्याए पनि समग्र शैक्षिक अवस्थामा कुनै प्रभाव नपारेको बताए । छलफलमा सहभागि शिक्षकहरूका अनुसार छात्रवृत्ति विवरणमा निम्न अनुसारको प्रक्रिया अपनाउनु पर्ने देखियो ।

- परिवारको आर्थिक विवरण संकलन गरी आर्थिक अवस्थाको आधारमा मापदण्ड निर्धारण गरी छात्रवृत्ति दिनुपर्ने ।
- आर्थिक अवस्था कमजोर भए पनि नियमित विद्यालय आउने बालबालिकालाई वर्षभरि नै कापी-कलम किन्न पुग्ने गरी छात्रवृत्ति दिनुपर्ने ।
- अति गरीव तथा जेहेन्दार बालबालिकाको लागि छुट्टै छात्रवृत्तिको व्यवस्था गर्ने ।
- प्रत्यक छात्रवृत्ति वितरण गर्दा विद्यार्थीको उपस्थिति र शैक्षिक अवस्थाको ख्याल गर्नुपर्ने ।

**(झ) परियारहरूलाई विभिन्न सेवा क्षेत्रमा प्रवेश गराउने**

अध्ययनको क्रममा परियार समुदायमा पढेर खै कसले के गरेको छ र भन्ने खालका निराशावादी धारणाहरू रहेकोले त्यस प्रकारका धारणा हटाइ आत्म निर्भर स्वाभिमानी प्रवृत्तिको विकास गर्न निम्न उपायहरू अपनाउनु पर्ने देखिन्छ :

- सामाजिक विकासको लागि गठित विभिन्न समिति तथा संघसंस्थामा परियारहरूलाई समानुपातिक रुपमा सहभागि गराउनु पर्छ ।

- माथिल्लो शैक्षिक योग्यता प्राप्त गरेका परियारहरूलाई जागिरमा प्राथमिकता दिनुपर्छ ।

(ञ) **विद्यालयहरूमा बालबालिकालाई आकर्षित गर्ने खालका कार्यक्रमहरू ल्याइनुपर्ने ।**

अध्ययनको क्रममा २/३ जना अभिभावकहरू बालबालिकाहरूलाई विद्यालयमा पठाउँदा पठाउँदै पनि बालबालिका आफै पढ्न छोडेको गुनासो सुनियो । विद्यालयमा बालबालिकाको रुची र चाहनाअनुसार पढ्ने वातावरण सृजना नहुने हो भने बालबालिका पढ्न छोड्ने हुनाले परियार जातिका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न निम्न प्रक्रिया अवलम्वन गर्नुपर्ने निष्कर्ष छलफलबाट निकालियो ।

- विद्यालयहरूमा सृजनात्मक क्रियाकलाप संचालन गर्नुपर्ने ।
- अतिरिक्तक्रियाकलाप वारम्वार संचालन गरी परियार जातिका बालबालिकालाई बढी सहभागि गराउने ।
- मूल्याङ्कन प्रणालीलाई निरन्तर बनाई पुरस्कार तथा पृष्ठपोषण प्रदान गर्ने ।
- परियार जातिका बालबालिका भर्ना भएका माध्यमिक विद्यालयहरूमा वस्त्र सिलाई विषयलाई ऐच्छिक विषयको रुपमा पठन-पाठन गर्ने व्यवस्था मिलाउने ।
- बालबालिकको रुची र चाहनाअनुसार अन्य स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग गर्न पहल गर्ने ।

(ट) **परियारहरूको लागि छुट्टै विद्यालय**

अध्ययनको क्रममा हंसपुर गा.वि.स. का परियारहरू मध्य ७८ प्रतिशत परियहरू एउटै क्षेत्र वार्ड नं. २ र ३ मा नजिक-नजिक बसोवास गरेको पाइयो । परियार प्रायः एउटै क्षेत्रमा रहेको हुनाले उनीहरूलाई लक्षित गरेर पाएक पर्ने ठाउँमा गा.वि.स. र स्थानिय वुद्धिजीवीको पहलमा छुट्टै विद्यालय स्थापना गरी उनहिरूकै सहभागितामा उनीहरूको इच्छा र चाहना अनुसार पठन-पाठन गर्ने व्यवस्था मिलाउन सकेमा परियारहरूको शैक्षिक अवस्था अझ छिटो सुधिने निष्कर्ष अगुवा व्यक्तिसँगको छलफलबाट लिइएको थियो ।

# अध्याय छ
# प्राप्ती, निष्कर्ष र सुझावहरू

प्रस्तुत शोध, अध्ययनमा हंसपुर गा.वि.स.का परियार जातिको शिक्षामा पहुँचको बारेमा क्षेत्रगत अध्ययन गरिएको छ । अध्ययनको क्रममा उद्देश्यलाई पुरा गर्नको लागि विभिन्न विषयवस्तुको उठान तथा सकेसम्म तथ्यपरक सूचनाको संकलन र विश्लेषण गरिएको छ । अध्ययनको क्रममा प्राप्त कतिपय सूचनाहरूलाई गुणात्मक र कतिपय सूचनाहरूलाई परिमाणात्मक विधिवाट विश्लेषण गरिएको छ । यस अध्ययनको प्राप्ती, निष्कर्ष र सुझावहरूलाई निम्नानुसार क्रमिक रुपमा प्रस्तुत गरिएको छ ।

## ६.१ प्राप्ती

यस शोध अध्ययनमा समय र स्रोतलाई ध्यानमा राखि उद्देश्यमूलक नमुना क्षेत्र छनोटका आधारमा अर्घाखाँची जिल्ला अन्तर्गत हंसपुर गा.वि.स. भित्र दलित जातिमध्ये एक प्रमुख जाति परियारहरूलाई मात्र अध्ययनमा समावेश गरिएको थियो । अध्ययनका क्रममा प्रत्यक परियार वस्तिको घर घरमा गई घरमूलीबाट सूचना संकलन गरिएको थियो । त्यस्तै गहन सूचना संकलनको लागि परियार समुदायको नजिकै रहेका १० जना अगुवाव्यक्ति र १० जना विद्यालय नजाने विद्यार्थीसँग छुट्टा-छुट्टै लक्षित समूह छलफल गरिएको थियो । यस अध्ययनमा प्राथमिक स्रोतको रुपमा गहन सूचना संकलन गरी शुद्धिकरण, साङ्केतिकरण र प्रस्तुतीकरण गरी विश्लेषण र विवेचना गरिएको छ । अध्ययनको मुख्य-मुख्य प्राप्तीलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- हंसपुर गा.वि.स. मा ६८ घरधुरी परियारको कुल जनसंख्या ४४४ मा ७० प्रतिशत जनसंख्या साक्षर रहेको पाइयो ।
- परियार समुदायमा झट्ट हेर्दा साक्षरता प्रतिशत सन्तोषजनक देखिए तापनि माध्यमिक तह र प्रमाणपत्र सम्मको शैक्षिक पहुँच अत्यन्त न्यून छ । उच्च तहमा परियारको शैक्षिक पहुँच शून्य नै देखियो ।
- ५ वर्षभन्दा माथिल्लो उमेरको कुल ३८६ जनसंख्याध्ये ७५ जना (१९%) निरक्षर रहेको पाइयो । निरक्षरमध्ये ५८ जना महिला र १७ जना पुरुष रहेको पाइयो ।।
- हंसपुर गा.वि.स. का परियारहरूको वर्तमान शैक्षिक अवस्थालाई हेर्दा सामान्य लेखपढ गर्ने १८० जना, कक्षा ५ उत्तीर्ण गर्ने ८४ जना कक्षा ८ उत्तीर्ण गर्ने २५ जना, टेष्ट पास गर्ने ६ जना, एस.एल.सी. पास गर्ने ११ जना र प्रमाणपत्र तह पुरा गर्ने ५ जना रहेको पाइयो । महिला र पुरुषपको शैक्षिक अवस्थालाई तुलना गर्दा निरक्षर मध्ये ७७ प्रतिशत महिला र २३ प्रतिशत पुरुष निरक्षर रहेको पाइयो । तहगत शैक्षिक विवरणलाई तुलना गर्दा पनि प्रमाणपत्र तह बाहेक अन्य सबै तहमा पुरुषको भन्दा

महिलाको साक्षरता प्रतिशत कम रहेको पाइयो । त्यसैगरी ५ वर्ष भन्दा माथिल्लो उमेरका महिला र पुरुषलाई छुट्टा-छुट्टै रुपबाट हेर्दा ६८ प्रतिशत महिला र ९२ प्रतिशत पुरुष साक्षर रहेको पाइयो ।

- विद्यालय उमेरका बालबालिकाको शैक्षिक स्थितिलाई सरसरती हेर्दा ५ देखि १५ वर्षभित्र २ जना महिला र ४ पुरुष गरी जम्मा ६ जना बाहेक सबै बालबालिका विद्यालय जाने गरेको पाइयो तर उमेर समूह अनुसार तह पार गर्ने बालबालिका अन्यन्त न्यून रहेको देखियो ।

- प्राथमिक तहमा उमेर समूह अनुसारका ५४ जना र माथिल्लो उमेरका ४८ जना गरी जम्मा १०२ जना विद्यालय जाने गरेको पाइयो, निम्नमाध्यमिक तहमा उमेर समूहका ३ जना र माथिल्लो उमेरका १६ जना गरी १९ जना र माध्यमिक तहमा उमेर समूह भन्दा माथिल्लो उमेरका ७ जना बालबालिका विद्यालय जाने गरेको पाइयो । यसप्रकार हंसपुर गा.वि.स.मा परियार समुदायबाट जम्मा १२८ जना बालबालिका विद्यालय जाने गरेको देखियो ।

- यस्तै प्रकारले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको सहजै देखिने भर्नादर क्रमशः १८, ४९ र २८ रहेको पाइयो भने खुदभर्नादर क्रमशः १००, ८ र ० रहेको पाइयो ।

- विद्यालय उमेरका बालबालिकाहरू विद्यालय जानुका कारणहरू पत्ता लगाउन विभिन्न व्यक्तिसँग गरिएको छलफल तथा सर्वेक्षणका आधारमा बालबालिकाका विद्यालयमा भर्ना हुनुको पछाडि निम्न कारणहरू भेटिए । (क) परियारहरूमा आफ्ना बालबालिकाहरूलाई कम्तिमा साक्षर भए पनि बनाउनुपर्छ भन्ने धारणा विकास हुनु (ख) गाउँ समाजमा अन्य सबै जातजातिका बालबालिका विद्यालय जानु (ग) निरक्षर अभिभावकमा व्यक्तिगत भोगाइ र अनुभवबाट प्रेरित हुनु (घ) १० प्रतिशत परियारहरू पेशामा आधुनिकरण गरी आयआर्जनमा वृद्धि गर्नु (ङ) विद्यालय परियार समुदायबाट नजिकै हुनु (च) विद्यालयमा थोरै भए पनि दलित छात्रवृत्ति आउनु (छ) कुनै परियारले विदेशमा गइ आर्थिक प्रगति गर्नु आदि ।

- बालबालिकाहरू बीचमा पढाइ छोड्नु तथा विद्यालय नजानुको कारण पत्ता लगाउन विभिन्न व्यक्तिसँग गरिएको सर्वेक्षण तथा छलफलको निष्कर्ष व्यापक गरीवि विद्यालयल छोड्नुको प्रमुख कारण रहेको पाइयो । परम्परागत पेशा, सामाजिक विकृतिको प्रभाव बालबालिकामा पर्नु, वैदेशिक रोजगारमा जाने लहर चल्नु, बालबालिकाको रुची अनुसार पठनपाठनको व्यवस्था नहुनु, फजुल खर्च गर्ने प्रवृत्तिले गर्दा सधै आर्थिक अभाव हुनु, बालबालिकाहरू पठनपाठनको लागि घर परिवार, समाज वा अन्य व्यक्तिबाट प्रेरणा नपाउनु जस्ता कारणहरूबाट बालबालिकाहरू बीचमा पढाइ छोड्ने तथा विद्यालय नजाने गरेको पाइयो ।

- हंसपुर गा.वि.स. मा रहेका परियारहरूको शैक्षिक पुहुँच बढाउन अपनाउनुपर्ने उपायहरूमा चेतनामूलक कार्यक्रम दिनुपर्ने, निरक्षरता उन्मुलन, सामाजिक विकृतीलाई निरुत्साहित गर्नुपर्ने, वचत गर्ने वानीको विकास गर्नुपर्ने, परम्परागत पेशामा आधुनिकरण गर्न सिकाउने, आयआर्जनमूलक तालिम दिनुपर्ने, वैदेशिक रोजगारमा जाने प्रवृत्तिको अन्त्यको लागि स्वेच्छिक सीपमूलक तलिम दिनुपर्ने, दलित छात्रवृत्तिमा विशेष व्यवस्था गर्नुपर्ने, परियारहरूलाई विभिन्न सेवाक्षेत्रमा प्रवेश गराउनुपर्ने, बालबालिकालाई विद्यालयमा आकर्षित गर्ने खालका कार्यक्रम ल्याइनुपर्ने, प्रायजसो परियारहरूको वस्ती एउटै टोल वा क्षेत्रमा भएकोले उनीहरूलाई केन्द्रीत गर्दै छुट्टै विद्यालयको स्थापना गर्नुपर्ने जस्ता उपायहरू रहेको पाइयो ।

## ६.२ निष्कर्ष

यस अध्यनको प्रमुख उद्देश्य हंसपुर गा.वि.स. का परियारहरूको तहगत संख्यात्मक शैक्षिक अवस्था पत्ता लगाउनु, विद्यालय उमेरका विद्यालय जाने नजाने बालबालिकाहरूको संख्या तथा विद्यालय जानु र नजानुका कारणहरू पहिचान गर्ने र विद्यालय जान वाधा पुऱ्याउने तत्वहरू हटाउने उपाय खोजी गर्ने रहेको थियो । उल्लेखित उद्देश्य अनुसार अध्ययनबाट निम्न निकर्ष निकालिएको महसुस गरिएको छ ।

- हंसपुर गा.वि.स. भित्र बसोबास गर्ने परियारहरूको तहगत शैक्षिक अवस्थालाई विश्लेषण गर्दा शैक्षिक पहुँच (सहभागिता) कमजोर रहेको पाइयो ।
- विद्यालय उमेरका ९५ प्रतिशत बालबालिका भर्ना भएको देखिए तापनि निम्न माध्यमिक तहको खुद भर्नादर नगन्य र माध्यमिक तहको खुद भर्नादर शून्य रहेको पाइयो ।
- विद्यालय उमेर (प्रा.वि., नि.मा.वि., मा.वि.) का जम्मा बालबालिकामध्ये अधिकांश प्राथमिक तहमै रहेको देखियो ।
- हंसपुर गा.वि.स.मा विद्यालयहरू परियार वस्तीबाट नजिकै रहे पनि परियारहरू परम्परागत जीवनशैली र पेशा, आर्थिक विपन्नता, चेतनाको अभाव जस्ता कारणहरूबाट शैक्षिक क्षेत्रबाट लाभान्वित भएको पाइएन ।
- परियारहरूको आयस्रोत अवस्था र वैदेशिक रोजगारमा जानेहरूको संख्यालाई हेर्दा आर्थिक समस्या चुनौतीपूर्ण समस्याको रुपमा देखियो ।
- परियार समुदायभित्र शैक्षिक क्षेत्रबाट अगाडि गएका, नेपालमै जागिर खाएका व्यक्तिहरू नुहनुको कारण अभिभावक तथा बालबालिका शिक्षाप्रति निराशावादी धारणा रहेको पाइयो ।
- आर्थिक तथा शैक्षिक क्षेत्रमा रहेमा पछाडि पर्दै गएका परियारहरूको लागि गा.वि.स. वा अन्य कुनै संघ संस्थाहरूबाट कुनै विशेष प्रकारका कार्यक्रम भएको पाइएन ।

- परियारहरूको शिक्षामा पहुँच बढाउन चेतनामूलक कार्यक्रम साक्षरता शिक्षा, आयआर्जनमूलक तालिम, विद्यालयमा आकर्षित कार्यक्रम, दलित छात्रवृत्तिको विशेष व्यवस्था, स्वरोजगार मूलक कार्यक्रम जस्ता कुराहरूको आवश्यकता रहेको पाइयो ।

## ६.३ सुझावहरू

नेपालको शैक्षिक प्रणालीमा रहेका विद्यमान सस्याहरू मध्य दलित तथा पिछडिएका जातिहरूलाई शिक्षामा समान सहभागिता गराउन नसक्नु एउटा चुनौतीपूर्ण समस्या हो । नेपालका विभिन्न भागमा बसोबास गर्ने दलितहरूको शैक्षिक अवस्था कमजोर रहेको कुरा विभिन्न अध्ययनले देखाएको छ । कुन भौगोलिक क्षेत्रमा विशेष गरी कुन-कुन जातिको शैक्षिक अवस्था के कस्तो भन्ने वारेमा अध्ययन गर्नु र समस्या समाधानका उपायहरूको खोजी गर्नु आजको आवश्कयता हो ।

यस अध्ययनमा अर्घाखाँची जिल्ला अन्तर्गत हंसपुर गा.वि.स. भित्र रहेका परियार जातिको शैक्षिक पहुँच बारेमा गरिएको अध्ययनबाट प्राप्त जानकारीको आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

- परियार अभिभावकमा चेतनाको अभाव देखिएकोले गा.वि.स.बाट दलित सचेतकिरण शीर्षकमा बजेट छुट्टाइ शिक्षक, वुद्धिजीवी तथा समाजसेवीको नेतृत्वमा सभा, गोष्ठी, छलफलको लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने साथै घरदैलो शैक्षिक जागरण अभियान संचालन गर्ने जस्ता प्रक्रियाद्वारा परीयारहरूलाई सचेतीकरण गर्नुपर्ने देखिन्छ ।
- हंसपुर गा.वि.स.मा १५ वर्ष माथिका ७५ जना परियार निरक्षर देखिएकोले गाउँमा सञ्चालन भएका प्रौढ शिक्षा साक्षरता शिक्षा जस्ता कार्यक्रममा अनिवार्य सहभागिता गराउनको लागि सहजकर्ता, शिक्षक र स्थानीय वुद्धिजीविबाट पहल गरिनुपर्छ ।
- समाजमा रहेका सामाजिक विकृतिलाई आ-आफ्नो ठाउँबाट जिम्मेवारी पूर्ण भूमिका निभाउनु पर्ने देखिन्छ । परियारहरूको आर्थिक अवस्थामासुधार ल्याउनको लागि गा.वि.स तथा विभिन्न संघसंस्थाहरूबाट आयआर्जनमूलक तालिम दिई आम्दानी तथा वचत गर्ने बानीको विकास गर्न प्रेरित गर्नुपर्ने देखिन्छ ।
- परियारहरूमा आत्म निर्भर तथा स्वाभिमानी प्रवृत्तिको विकास गर्न पेशालाई व्यावसायिकरण गर्न गाउँ, समाजका व्यक्तिहरुबाट प्रेरणा र सहयोग गर्नुपर्ने देखिन्छ ।
- गरिबीको कारण वैदेशिक रोजगारमा जाने प्रचलनलाई न्यूनीकरण गर्नको लागि युवाहरूलाई स्वरोजगार मूलक तालिमको व्यवस्था गर्नुपर्छ, उक्त कार्यक्रम संचालनको लागि वुद्धिजीवी, राजनीतिज्ञ, समाजसेवी लगाएतका व्यक्तिहरू आ-आफ्नो पहुँच पुग्ने ठाउँमा दवाव सृजना गरी कार्यक्रम पार्न पहल गर्नुपर्छ ।

- जिल्ला शिक्षा कार्यालयबाट एकमुष्ट रुपमा विद्यालयहरूमा पठाउने दलित छात्रवृत्ति समानुपातिक प्रक्रियाबाट वितरण नगरी, आर्थिक अवस्था, शैक्षिक अवस्था, नियमितता जसता पक्षको मूल्याङ्न गरी विद्यालय आफैले छात्रवृत्तिको मापदण्ड तय गर्नुपर्ने देखिन्छ ।

- अनियमित हुने विद्यार्थीका अभिभावकसंग भेटघाट र पारिवारिक वातावरणको अध्ययन गरी अनियमित हुनुको कारण पत्ता लगाउने जिम्मा सम्बन्धित पक्षबाट शिक्षकलाई नै दिनुपर्छ, जि.शि.का. तथा विद्यालय समस्या समाधानमा तत्पर रहनुपर्छ ।

- विद्यालयले, शिक्षक, विद्यार्थी र अभिभावक बीच मासिक रुपमा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउँदा विद्यार्थीहरू बढी नियमित हुने देखिन्छ ।

- हंसपुर गा.वि.समा ७८ प्रतिशत परियार एउटै क्षेत्र (वाड नं. २, ३) मा बसोवास गर्ने भएकोले विभिन्न राजनीतिज्ञ, समाजसेवी वुद्धिजीवीले पहल गरी परियार समुदायलाई लक्षित गरेर पायक पर्ने ठाउँमा उनीहरूकै लागि भनेर एउटा छुट्टै विद्यालयको स्थापना गरी, व्यावसायिक तथा स्थानीय पाठ्यक्रम अनुसार पठनपाठन गर्ने व्यवस्था मिलाउन सकेमा परियारहरूको शैक्षिक तथा आर्थिक अवस्था सुध्रिने देखिन्छ ।

# सन्दर्भसूची

आचार्य, बलराम, (२०६५), **समाजशास्त्रका सैद्धान्तिक दृष्टीकोणहरू**, कीर्तिपुर, काठमाडौं : सनलाइट पब्लिकेशन ।

_______________, (२०६५), **विकासका दृष्टिकोणहरू**, काठमाडौं : नेशनल बुक्स सेन्टर ।

अधिकारी, विष्णु प्रसाद, (सन् २०११), **शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली**, बागबजार, काठमाडौं : आशिष बुक्स हाउस प्रा.ली. ।

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्री विशाल, (२०६६), **प्रयोगात्मक नेपाली शब्दकोश**, कमलपोखरी, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अधिकारी, विष्णुप्रसाद, (२०६६), **शिक्षाशास्त्र र नेपालमा शिक्षा**, बागबजार, काठमाडौं : आशिष वुक्स हाउस प्रा.लि. ।

__________________, (२०६६), **माध्यमिक शिक्षक दिग्दर्शन**, वागवजार, काठमाडौं : आशिष पुस्तक भण्डार ।

काफ्ले, वासुदेव, ढकाल हेमराज र अधिकारी, किसानप्रसाद, (२०६६) **शिक्षामा सामाजिक न्याय**, कीर्तिपुर, काठमाडौं : सनलाइट पब्लिकेशन ।

खनाल, पेशल, (२०६६), **शैक्षिक अनुसन्धान पद्दति**, कीर्तिपुर, काठमाडौं : सनलाइट पब्लिकेशन ।

झा, हरिवंश, (१९९९), **नेपालका तराईका दलितहरू**, काठमाडौं : सेन्टरफर इकोनोमिक्स एण्ड टेक्निकल, स्टडिज, कार्यपत्र ।

नेपाली, वुद्धिराज, (२०६१), **अर्घाखाँची जिल्लामा विद्यालय तहका दलित र गैरदलित विद्यार्थीको सहभागिता**, अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम तथा मूल्याङ्कन ।

न्यौपाने, गोविन्द, (२०५५), **नेपालको जातिय प्रश्न**, काठमाडौं : सेन्टर अफ् डेभलेपमेन्ट स्टिज ।

पन्थी, रिमप्रसाद, (२०६४), 'हंसपुर एक झलक', **सिद्धार्थ स्मारिका**, हंसपुर, श्री सिद्धार्थ उच्च माध्यमिक विद्यालय ।

भेदभावविरुद्ध राष्ट्रिय मञ्च, (२०६५), **संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको नमूना संविधान २०५५**, कीर्तिपुर, काठमाडौं : मञ्च परिवार ।

ढकाल, माधवप्रसाद र कोइराला, मातृकाप्रसाद (२०६५), **शिक्षाका आधारहरू**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

दाहाल, यज्ञरथ, (२०६१), **प्राथमिक विद्यालयमा दलित बालबालिकको शिक्षामा सहभागिता एक अध्ययन**, अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यलाय, पाठ्यक्रम तथा मूल्याङ्कन ।

राई, वमवहादुर, (२०६३), **जालपा गा.वि.स.का दलितहरूको शैक्षिक अवस्था एक अध्ययन**, अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम तथा मूल्याङ्कन ।

राउत, लिलबहादुर (२०५८), 'हंसपुर स्रोतकेन्द्रको परिचय', **शैक्षिक जागरण**, हंसपुर, गोखुङ्गा, अर्घाखाँची : श्री सिद्धार्थ माध्यमिक विद्यालय स्रोतकेन्द्र ।

रेग्मी : टानबहादुर (२०६६), 'अर्घाखाँची संक्षिप्त परिचय' **स्वर्णजयन्ती स्मारिका**, स्तनमारे, हंसपुर, अर्घाखाची : सिद्धार्थ उच्च माध्यमिक विद्यालय ।

शर्मा, गोपीनाथ, (समिक्षक), (२०५९), **नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू**, काठमाडौं : मकालु वुक्स एण्ड स्टेशनर्स ।

शिक्षा तथा खेलकूद मन्त्रालय (२०६१), **विद्यालय तथ्याङ्क निर्देशिका**, काठमाडौं : लेखक ।

## अनुसूची १

## घरधुरी सर्वेक्षण फाराम

**अञ्चल :** **जिल्ला :**

**गा.वि.स. :** **वार्ड नं. :**

**सर्वेक्षण मिति : .......................... देखि .......................... सम्म ..........................**

**पारिवारिक सदस्य विवरण**

| घर नं. / परिवारको किसिम | सि. नं. | सदस्यको नाम, थर | नाता | लिङ्ग | उमेर | शिक्षा | | पेशा | अनुमानित वार्षिक आय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | २ | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

परिवारको किसिम : (क) एकात्मक (ख) संयुक्त (ग) वृहत

शिक्षा : १ - (क) कहिल्यै स्कुल नगएको (ख) बीचमा स्कुल छाडेको (कक्षा) (ग) अनौपचारिक शिक्षा लिएको (घ) स्कुल जाने (ङ) अन्य

२ - (क) साक्षर (ख) निरक्षर (ग) स्कुल (कक्षा) (घ) क्याम्पस (तह)

## अनुसूची २

## घरमूली/अभिभावकको लागि अन्तर्वार्ता प्रश्नावली

**घर नं. :** ......................................... **लिङ्ग :** .......................................

**नाम :** ..................................................... **मिति :** ......................................

**ठेगाना :** ...................................................

**उमेर :**

१. तपाई आफ्ना कति बालबालिकालाई विद्यालयमा पढ्न पठाउनु हुन्छ ?

विद्यालय जाने संख्या [ ] विद्यालय नजाने संख्या [ ]

विद्यालय जाने भए कुन विद्यालयमा कति ?

सरकारी : केटा [ ] केटी [ ]

बोर्डिङ : केटा [ ] केटी [ ]

२. तपाईले बालबालिकालाई विद्यालय पठाउनुपर्छ भन्ने प्रेरणा कहाँबाट पाउनु भयो ? किन विद्यालय पठाउनु पर्छ ?

.........................................................................................

.........................................................................................

३. बालबालिका स्कूल नपठाउने भए किन पठाउनु हुँदैन् ? कारण

.........................................................................................

.........................................................................................

४. तपाईको विचारमा बालबालिकालाई पढ्न पठाउनु पर्छ कि पर्दैन् ?

(क) पर्छ [ ] (ख) पर्दैन [ ]

किन ? ............................................................................

५. तपाई आफ्ना छोराछोरीलाई कति कक्षासम्म पढाउने विचार गर्नुभएको छ ?

.........................................................................................

६. तपाईले विद्यालयमा पठाउने सबै बालबालिका नियमित रूपमा विद्यालय जान्छन् की जादैनन् ?

.........................................................................................

७. नियमित रूपमा विद्यालय नजाने भए के कारणले जाँदैनन् ?

.........................................................................................

.........................................................................................

८. तपाईका छोराछोरी पढाइमा कस्ता छन् ?

(क) मेहनेती (ख) ठीकै (ग) कमजोर

९. छोराछोरीले घरमा गृहकार्य गर्छन् की गर्दैनन् ?

.........................................................................................

.........................................................................................

१०. तपाई छोराछोरीलाई घरमा के के काममा लगाउनुहुन्छ ?

.........................................................................................

.........................................................................................

११. तपाईका कुनै छोराछोरीले पढ्दापढ्दै बीचमा छाडेका त छैनन् ?

.........................................................................................

१२. पढन् छाडेका भएको कति जनाले कति कति कक्षामा पढ्.न छाडेका छन् ?

.........................................................................................

१३. पढ्न छाडेका मध्ये कति रोजगार र कति बेरोजगार बसेका छन् ?

.........................................................................................

१४. रोजगारी पाएकाले के गर्दैछन् ?

.........................................................................................

१५. कतै तपाईले छोरोछारीलाई विद्यालयमा पठाउँदा पठाउँदै विद्यालयमा जान असजिलो मान्ने, बाटोमा खेल्ने त गर्दैनन् ? ..................................................

त्यसो गर्छन भने किन गर्छन होला ?

.........................................................................................

१६. तपाई विद्यालयबाट कस्ता कस्ता कुराको अपेक्षा गर्नुभएको छ ?

.........................................................................................

.........................................................................................

१७. विद्यालयबाट अहिलेसम्म बालबालिकाको लागि कुनै सहयोग पाउनुभएको छ वा छैन ?

.........................................................................................

१८. के तपाइ अहिले आफूले गरिरेको पेशामा सन्तुष्ट हुनुहुन्छ ?

(क) छु (ख) छैन

किन ? ..............................................................................

१९. तपाईको घरमा पढेर कसैले नेपालमा सरकारी जागिर खाएको छ ?

.........................................................................................

२०. विदेशमा रोजगारीको लागि गएका छन् ? कुन कुन देशमा गएका छन् ?

.........................................................................................

२१. तपाइको विचारमा विचैमा पढाइ छोडेर बैदेशिक रोजगारमा जाने प्रवृत्तिलाई रोक्न के गर्न सकिन्छ ?

.........................................................................................

.........................................................................................

२२. विद्यालय नजानेलाई जाने गराउन के गर्नुपर्ला ?

......................................................................................

......................................................................................

२३. तपाईका समस्या तथा सुझावहरू के के छन् ?

......................................................................................

......................................................................................

......................................................................................

## अनुसूची ३

## परियार समुदायको नजिक रहेका अगुवा व्यक्तिहरूका लागि छलफल निर्देशिका

**छलफल स्थान :** **मिति :**

**सहभागिको विवरण :**

| सि.नं. | नाम | ठेगाना | पेशा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

- शिक्षा (विद्यालय) प्रति परियार समुदायको धारणा

  ..........................................................................................

- परियार समुदायको पेशा र शैक्षिक अवस्था

  ..........................................................................................

- बालबालिका विद्यालय नजानुका कारणहरू

  ..........................................................................................

- विद्यालय जानुका कारणहरू

  ..........................................................................................

- अहिलेसम्म समाज, विद्यालय, सरकारबाट गरिएका, प्रयासहरू र त्यसको प्रभाव

  ..........................................................................................

- बालबालिकालाई शैक्षिक अवसर प्राप्त गर्न सक्षम बनाउने उपाय

  ..........................................................................................

- अन्य सुझावहरू

  ..........................................................................................

**अनुसूची ४**
**विद्यालय नजाने विद्यार्थी समूहको लागि छलफल निर्देशिका**

**छलफल स्थान :** **मिति :**

**सहभागिको विवरण :**

| सि.नं. | नाम | ठेगाना | उमेर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |

- बालबालिकाहरू विद्यालय नजानुका कारणहरू

  ..........................................................................................................

- केटाकेटीहरूप्रति अभिभावकले घरमा गर्ने व्यवहार

  ..........................................................................................................

- बालबालिकाहरूले घरमा गर्ने कार्य

  ..........................................................................................................

- विद्यालय नगई घरमै बसिरहेका बालबालिका चाहनाहरू

  ..........................................................................................................

- विद्यालय जाने बनाउने उपायहरू

  ..........................................................................................................

- विद्यालय जाने विद्यार्थीहरू विद्यालय जानुका कारणहरू

  ..........................................................................................................

## अनुसूची-५

### (क) लक्षित समूह छलफलमा सहभागिको विवरण (अगुवा व्यक्तिहरु)

| सि.नं. | नाम थर | ठेगाना | पेशा |
|---|---|---|---|
| १ | जगत प्र. पन्थी | हंसपुर-२ | शिक्षक |
| २ | बालकृष्ण अधिकारी | हंसपुर-२ | व्यापार |
| ३ | कृष्ण बहादुर बस्नेत | हंसपुर-२ | कृषि (समाजसेवा) |
| ४ | यज्ञ प्रसाद पन्थी | हंसपुर-२ | कृषि (समाजसेवा) |
| ५ | मान बहादुर विष्ट | हंसपुर-२ | व्यापार |
| ६ | लक्ष्मि प्र. रिजाल | हंसपुर-२ | शिक्षण |
| ७ | राजेन्द्र प्रसाद अधिकारी | हंसपुर-२ | शिक्षण |
| ८ | डाल बहादुर बुढाथोकी | हंसपुर-३ | शिक्षण |
| ९ | टेकराज अधिकारी | हंसपुर-१ | शिक्षण |
| १० | छविलाल पाण्डे | हंसपुर-२ | कृषि |

### (ख) पढ्न छोडेका विद्यार्थीहरु

| सि.नं. | नाम थर | ठेगाना | उमेर |
|---|---|---|---|
| १ | पद्म परियार | हंसपुर-२ | १३ |
| २ | मोहन परियार | हंसपुर-२ | १७ |
| ३ | हिरालाल परियार | हंसपुर-२ | १५ |
| ४ | ज्ञानकुमारी परियार | हंसपुर-२ | १३ |
| ५ | वुद्धि परियार | हंसपुर-२ | १५ |
| ६ | सविता परियार | हंसपुर-२ | १५ |
| ७ | सुरज परियार | हंसपुर-२ | १५ |
| ८ | मनबहादुर परियार | हंसपुर-३ | १६ |
| ९ | भिमबहादुर परियार | हंसपुर-९ | १६ |
| १० | सरिता परियार | हंसपुर-२ | १६ |

## अनुसूची-६

## हंसपुर गा.वि.स. भित्र एस.एल.सी. वा सोभन्दा माथिल्लो शैक्षिक योग्यता प्राप्त परियारहरू

| सि.नं. | नाम थर | उमेर (वर्ष) | ठेगाना | पेशा |
|---|---|---|---|---|
| १ | दिपक परियार | २५ | हंसपुर-२ | आइ.ए |
| २ | सिता परियार | २० | हंसपुर-२ | आइ.ए |
| ३ | कल्पना परियार | १९ | हंसपुर-२ | आइ.ए |
| ४ | शुमित्रा परियार | २० | हंसपुर-३ | आइ.ए |
| ५ | शान्ता परियार | १९ | हंसपुर-२ | आइ.ए |
| ६ | पुतली परियार | ४८ | हंसपुर-२ | एस.एल.सी. |
| ७ | विष्णु परियार | ३३ | हंसपुर-२ | एस.एल.सी. |
| ८ | सन्तोष परियार | २२ | हंसपुर-२ | एस.एल.सी. |
| ९ | चन्द्र परियार | ३७ | हंसपुर-२ | एस.एल.सी. |
| १० | शारदा परियार | १७ | हंसपुर-२ | एस.एल.सी. |
| ११ | मधु परियार | १७ | हंसपुर-२ | एस.एल.सी. |
| १२ | आाशा परियार | २८ | हंसपुर-२ | एस.एल.सी. |
| १३ | गुनबहादुर परियार | २४ | हंसपुर-३ | एस.एल.सी. |
| १४ | बसन्त परियार | २२ | हंसपुर-३ | एस.एल.सी. |
| १५ | नारायण परियार | २२ | हंसपुर-४ | एस.एल.सी. |
| १६ | प्रविण परियार | २० | हंसपुर-५ | एस.एल.सी. |

## अनुसूची-७

## हंसपुर गा.वि.स. भित्र संचालन भएका विद्यालयहरको विवरण

| सि.नं. | विद्यालयलको नाम | ठेगाना | पेशा |
|---|---|---|---|
| १ | श्री सिद्धार्थ उच्च मा.वि. | हंसपुर-५, रतनमारे | १-१२ |
| २ | श्री वैधनाथ मा.वि. | हंसपुर-८, तामरुक | १-१० |
| ३ | श्री अर्घा मेहेलपानी मा.वि. | हंसपुर-४, लोहोरी | १-१० |
| ४ | श्री मूल नि.मा.वि. | हंसपुर-२, मूल | १-८ |
| ५ | श्री बाल शिक्षा नि.मा.वि. | हंसपुर-३, कमेरपानी | १-८ |
| ६ | श्री जनता नि.मा.वि. | हंसपुर-९, टिमुरे | १-८ |
| ७ | श्री जनक प्रा.वि. | हंसपुर-१, पजीङखोला | १-५ |
| ८ | श्री सरस्वती प्रा.वि. | हंसपुर-५ | १-५ |
| ९ | श्री शारदा प्रा.वि. | हंसपुर-६ | १-५ |
| १० | श्री जनप्रकाश प्रा.वि. | हंसपुर-७, | १-५ |
| ११ | श्री वराह प्रा.वि. | हंसपुर-८, वामरुक | १-५ |
| १२ | श्री जनइच्छा प्रा.वि. | हंसपुर-२, इजरा चौर | १-३ |
| १३ | श्री हंसपुर पब्लिक वोर्डिङ स्कुल | हंसपुर-५ रतनमारे | १-५ |
| १४ | श्री सनराइज इङ्ग्लीस बोर्डिङ स्कूल | हंसपुर-४ मेहेलपानी | १-३ |